महालेखापरीक्षकको वार्षिक प्रतिवेदन २०७८

शुक्लाफाँटा नगरपालिका

कञ्चनपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाई

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीयतहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको आर्थिक वर्ष २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययीता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शीता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन्।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ती तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ । स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो। लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीयतहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीयतहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)
महालेखापरीक्षक

२०७८ भाद्र ४ गते

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सं. २०७८।७९ | मितिः२०७८।५।४
च.नं.८२

श्री नगर प्रमुखज्यू,
शुक्लाफाँटा नगरपालिका, कञ्चनपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यापालिकाको आर्थिक वर्ष २०७६।०७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० (२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखपारीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारबाहीको लागि अनुरोध छ ।

....
(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

बोधार्थ
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
काठमाण्डौं ।- प्रतिवेदन संलग्न छ ।

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८/७९ मितिः२०७८।५।४
च.नं.: ८३

श्री नगरप्रमूखज्यू,
शुक्लाफाँटा नगरपालिका,
कञ्चनपुर ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले **शुक्लाफाँटा नगरपालिकाको** आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।०७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. ८० लाख ५६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. १८ लाख ४९ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१७ लाख ४१ हजार, नियमित गर्नुपर्ने रु. ३१ लाख ६७ हजार र पेश्की बाँकी रु. १२ लाख ९९ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।१२।२६ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फछ्र्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना ४१ **(एकचालिस)** यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन नहुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका

छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तिय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन, २०७६ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानून बमोजिम सही र यथार्थ हुने गरी वित्तिय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तिय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगरकार्यपालिका, नगर प्रमुख तथा प्रमुख प्रशासकिय अधिकृत पालिकाको वित्तिय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तिय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन् । वित्तिय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

....

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

शुक्लाफाँटा नगरपालिका
लेखापरीक्षण प्रतिवेदन
२०७६।०७७

परिचयः– स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १२ वडा ६४ सभा सदस्य, ३२४ वर्ग किलोमिटर क्षेत्रफल तथा ६१ हजार जनसंख्या रहेको छ ।

स्थानीय सञ्चित कोष : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आय व्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र सञ्चित कोषको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.नं	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		२२२५९२१८.९६	१	**चालु खर्च**		४०७९०६२२१.४२
	क) नगद			२	**पूँजीगत खर्च**		२०३९७५३५४.३६
	ख) बैंक			३	**वित्तिय व्यवस्था भुक्तानी**		
२	**राजस्व (आन्तरिक आय)**		९५२९२७७६		क) ऋण भुक्तानी		
	क) आन्तरिक राजस्व	१४५४९७३९			ख) ब्याज भुक्तानी		
	ख) राजस्व बाँडफाँड	८०७४३०३७			ग) अन्य भुक्तानी		
	ग) अन्य आय			४	**लगानी**		
३	**संघिय सरकारबाट प्राप्त अनुदान**		१६६७७८८६१		ऋण लगानी		
	क) वित्तिय समानीकरण अनुदान	१४२७०००००			शेयर लगानी		
	ख) सशर्त अनुदान	२१४९८५००			अन्य लगानी		
	ग) समपूरक अनुदान	२५८०३६१		५	**धरौटी फिर्ता**		३३०१६३८
	घ) विशेष अनुदान			६	**जनश्रमदान फिर्ता**		१४७३०००
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		२३५६५४३९	७	**कोषहरुको खर्च**		५४७१६४६
	क) वित्तिय समानीकरण अनुदान	७३९७०००		८	**मौज्दात**		
	ख) सशर्त अनुदान	१३४५७०००			क) बैंक मौज्दात		२५१६६७८५.४७
	ग) समपुरक अनुदान	११६९०७७			ख) नगद मौज्दात		
	घ) विशेष अनुदान	१५४२३६२		९	**शसर्त अनुदान फिर्ता**		४२०२५५६४.०७
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		०	१०	**गत बर्षको बढी अल्या**		
६	**अन्य**		२२८९०९१०.२५	११	**जनश्रमदान मौज्दात**		
	क) क्षेत्रीय शहरी विकास योजना	१९३३०००२.७५		१२	**धरौट मौज्दात**		८६३४३१४.२६
	ख) सडक बोर्ड नेपाल	३२०००००		१३	**कोष खाताको मौज्दात**		१५९८५५८१.४६
	ग) प्रदेश तथा स्थानिय शासन सहयोग कार्यक्रम	३६०९०७.५०					
	घ) एन एन एस डब्लु ए						

७	बिभिन्न कोषतर्फको आय		५७७८२५४.२०				
८	जनसहभागिता (नगद)						
९	विषयगत निकायबाट प्राप्त		३७४३५७८७१.२४				
१०	धरौटी आय		४१७४०४७.२६				
११	लगानीको सौँवा फिर्ता						
१२	अन्य विविध आय						
	जम्मा		७०२८३१६३५.४३		जम्मा		७०२८३१६३५.४३

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>वित्तिय विवरण विश्लेषणः</td><td></td></tr>
<tr><td>१.</td><td>वित्तिय विवरणः– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाब राख्नु पर्दछ । सोही ऐनको दफा ६९ मा तोकिय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नु पर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्
• स्थानीय तहले सञ्चित कोषमा गत बिगतको बाँकी यस वर्ष प्राप्त रकम र सञ्चित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन् ।
• स्थानीय तहले बैङ्क समायोजन हिसाब खाता राखेको छैन् । जसबाट स्थानीय तहको असार मसान्तको बैङ्क मौज्दात र श्रेस्ताको मौज्दात रु. ३९८४३५७६.२७ ले फरक देखिएको छ ।
• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ (२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्नेमा गरेको देखिएन ।
ऐनले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखाङ्कन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>२.</td><td>बैङ्क हिसाब मिलान नगरेकोः – स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ (२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नु पर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैङ्क खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार रु. ३९८४३५७६।२७ फरक पर्न गएकोले बैङ्क हिसाब मिलान विवरण तयार गरी एकीन गर्नु पर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार २०७७।३।३१ को बाँकी</th><th>बैङ्क स्टेटमेण्ट अनुसार २०७७।३।३१ को बाँकी</th><th>फरक हिसाब रु.</th></tr>
<tr><td>१</td><td>चालु खर्च खाता</td><td>०</td><td>३२५६०९४४।७७</td><td>३२५६०९४४।७७</td></tr>
<tr><td>२</td><td>पूँजिगत खर्च खाता</td><td>०</td><td>६२८२६३१।३०</td><td>६२८२६३१।३०</td></tr>
<tr><td>३</td><td>कर्मचारी कल्याण विशेष कोष</td><td>२०५५४९३।२०</td><td>१०५५४९३</td><td>१००००००।२</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>३९८४३५७६।२७</td></tr>
</table></td><td></td></tr>
<tr><td>३.</td><td>आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नु पर्नेमा लागू गरेको पाइएन । यस सम्बन्धमा</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	देखिएका अन्य व्यहोराहरु तपसील बमोजिम रहेका छन् । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेखाङ्कन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाइएन । • नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा ट्रान्सफर गर्नुपर्नेमा आर्थिक वर्ष समाप्त भए पश्चात् पनि खातामै रहेको पाइयो। • नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन । साथै नगरपालिकाबाट यस वर्ष सञ्चालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाइएन । • कार्यालयको श्रेष्ता र बैङ्क बीचको हिसाब फरक परे वा नपरेको सम्बन्धमा बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण हिसाब मिलान भए नभएको सम्बन्धमा एकीन गर्न सकिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन । • विद्युत महसुल समयमा बुझाएको पाइएन । • मर्मत सम्भार अभिलेख किताब तयार पारेको पाइएन । • विषयगत क्षेत्रमा सञ्चालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालीम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहेको पाइयो । • नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा बिभिन्न सङ्घ संस्थालाई वितरण गरेको पाइयो । • वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाइएन । • जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार बिभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाइएन । • मुल्य अभिवृद्धि कर नियमावली, २०७५ को नियम ६ (क) मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इटीडिएस गरेको छैन् । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७ र ८ मा खरीदको गुरु योजना र वार्षिक खरीद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन। • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाइएन। • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरीद नियमावली बनाई लागू गर्न सक्ने व्यवस्था भएकोमा बनाएको पाइएन । • सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन। • संस्था दर्ता ऐन, २०३४ दफा ३ नगरपालिकाबाट सञ्चालन भएका बिभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन । • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाइएन । • वातावरणको संरक्षणको एकीकृत दीर्घकालिन योजना तयार गरेको छैन् । • विद्युत महसुल समयमा तिरेको पाइएन । • नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाइयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ वमोजिम कार्य विवरण बनाई लागू गरेको पाइएन । • निजामती सेवा ऐन, २०४९ को दफा ७ (ख) (२) बमोजिम तलबी प्रतिवेदन पारित गराएर मात्र तलब भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलबी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाइयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत एकीन हुन सकेन । तसर्थ, नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउनु पर्दछ ।	
४.	**बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकीन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।	
५.	**सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस नगरपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाइएन । साबिक संरचना समायोजनको समयमा मौजुदा जिन्सी मालसामानको प्रमाणित अभिलेखका आधारमा यस्ता सामान विधिवत रुपमा हस्तान्तरण हुनु पर्दछ ।	
६.	<u>**जिन्सी व्यवस्थापनः**</u> आर्थिक कार्यविधि नियमावली, २०६४ बमोजिम ३ महिनाभित्र मर्मत गर्नुपर्ने र ६ महिना भित्र लिलाम गर्नुपर्ने व्यवस्था छ । कार्यालयले पेश गरेको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार प्रयोगमा नरहेको वा मर्मत, मिन्हा तथा लिलाम गर्नुपर्ने बिभिन्न २२६ प्रकारका सामानहरु जिन्सी प्रतिवेदनमा लिलाम तथा मर्मत गर्नुपर्ने सुझाव दिएको, सो अनुसार २६ किसिमका १२२ वटा सामान मर्मत गरेमा सञ्चालनमा ल्याउन सकिने, १ किसिमको सामाग्री मिन्हा दिनु पर्ने, १७ किसिमका १०३ वटा साइकल, प्रिन्टर, तथा क्यामरा लगायतका सामान मर्मत हुन नसक्ने भई लिलाम गर्नुपर्ने भनि सिफारिस गरेको छ । प्रतिवेदनमा उल्लिखित उक्त सामानहरुको मर्मत तथा लिलामीको कार्यवाही शुरु गरेको देखिएन । उल्लिखित सामानहरुलाई कार्यालयले नियमावलीमा भएको व्यवस्था बमोजिम मर्मत तथा लिलाम गरी कार्यालयको जिन्सी अद्यावधिक गर्नु पर्दछ ।	
	• **बजेट तथा कार्यक्रमः**	
७.	**बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यनगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा प्रमुख श्री दिलबहादुर ऐरज्यूले मिति २०७६।३ ।१३ गते रु. ५६ करोड ७९ लाख ९१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१७ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७६।०४।०३ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	देखिन्छ ।	
८.	**बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ (१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परीपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परीपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
९.	**गत बर्षको दायित्वः-** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४० (७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नु पर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।०७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. २२१६३१६३।४२ भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष भुक्तानी गरेको देखिन्छ । २०७६।०७७ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अबस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।	
१०.	**चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण बनाई पेश गर्नुपर्ने र चौमासिक कार्य, लक्ष्य तथा कर्यक्रम बमोजिम कार्य सम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	

क.स.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च			
			प्रथम	दोस्रो	तेश्रो	आषाढ महिना
१	चालु खर्चतर्फ	४०७९०६	६१०२५	६४९८६	२८१८९५	८०४७८
२	पूँजिगत खर्चतर्फ	२०३९७५	९१२०	२१२६७	१७३५८८	११२५६७
	जम्मा	**६११८८१**	**७०१४५**	**८६२५३**	**२९३८२१**	**१९३०४५**
	प्रतिशत	**१००.००**	**११.४६**	**१४.१०**	**४८.०२**	**३१.५५**

	नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ६१ करोड १८ लाख ८१ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु. ७ करोड १ लाख ४५ हजार अर्थात् ११.४६ प्रतिशत, दोश्रो चौमासिकमा रु. ८ करोड ६२ लाख ५३ हजार अर्थात् १४.१० प्रतिशत र तेश्रो चौमासिकमा रु. २९ करोड ३८ लाख २१ हजार अर्थात् ४८.०२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १९ करोड ३० लाख ४५ हजार	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>अर्थात् ३१.५५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>११.</td><td>क्षेत्रगत बजेट र खर्चको स्थितिः स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७६।०७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ ।
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">क्षेत्र</th><th rowspan="2">बजेट</th><th rowspan="2">खर्च</th><th>खर्च प्रतिशत</th></tr>
<tr><th>जम्मा खर्चको तुलनामा</th></tr>
<tr><td>१</td><td>भौतिक पूर्वाधार विकास</td><td>१६९१००५१४</td><td>९५१८८६३४।६१</td><td>२१.१५</td></tr>
<tr><td>२</td><td>सामाजिक विकास</td><td>२३०८१३७८२</td><td>२०६६६८३१८।५</td><td>४५.९०</td></tr>
<tr><td>३</td><td>आर्थिक विकास</td><td>१६९३७०१४</td><td>१३२२५८६४।००</td><td>२.९४</td></tr>
<tr><td>४</td><td>वन, वातावरण तथा विपद् व्यवस्थापन</td><td>२१३४७५५२</td><td>१८२८२१३६।३५</td><td>४.०६</td></tr>
<tr><td>५</td><td>सुशासन तथा संस्थागत विकास</td><td>१३६६३०४८</td><td>४७१८६९९</td><td>१.०५</td></tr>
<tr><td>६</td><td>कार्यालय सञ्चालन तथा प्रशासनिक</td><td>१२२३६९४८६</td><td>११२१३५५८६।८</td><td>२४.९०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५७४२३१३९६</td><td>४५०२१९२३९।३</td><td></td></tr>
</table>
उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ४५.९० प्रतिशत कार्यालय सञ्चालन तथा प्रशासनिकमा र घटीमा १.०६ प्रतिशत सुशासन तथा संस्थागत विकासमा खर्च गरेको देखिन्छ । संतुलित बजेटको विनियोजन र खर्चमा नगरसभाले अभ्यास गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>१२.</td><td>खर्च बिश्लेषणः नगरपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु. १४ करोड ५४ लाख ४९ हजार, राजस्व बाँडफाँड र अनुदानबाट रु. ४६ करोड ४५ लाख ३७ हजार समेत रु. ६० करोड ९९ लाख ८६ हजार आम्दानी भएकोमा चालुतर्फ रु. ४० करोड ६० लाख ११ हजार र पूँजिगत तथा वित्तिय व्यवस्थातर्फ रु. २० करोड ३९ लाख ७५ हजार खर्च गरेको छ। यसबर्ष पदाधिकारी सुबिधामा रु. १११८४५००।-खर्च भएको छ जुन आन्तरिक आयको ७७ प्रतिशत रहेको छ । नगरपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६६.५६ प्रतिशत चालु र ३३.४४ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट नगरपालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१३.</td><td>लक्ष्य प्रगति : कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरीय तथा केन्द्रिय स्तरीयका ७२४ योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ ।</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

कार्यक्रम/योजना	कुल कार्यक्रम संख्या	वार्षिक प्रगति स्थिति			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
नगरपालिका शाखा बाहेक	४७८	४९	१८	१२	३९९
शिक्षा शाखा	१७	४	१	१	११
स्वास्थ्य शाखा	१३	१	१	०	११
कृषि शाखा	३२	१८	१	२	११
उर्जा शाखा	१४	९	१	०	४
न्यायिक शाखा	५	२	०	०	३
पशु शाखा	५	२	०	०	३
नापी शाखा	५	२	०	०	३
महिला विकास शाखा	१४	१०	०	१	३
समावेशी कार्यक्रम	३९	२९	२	१	७
पर्यटन सुधार	१	०	०	०	१
सडक बोर्ड	४	०	०	०	४
प्रदेश हस्तान्तरित	१५	०	०	०	१५
संघ सरकारवाट हस्तान्तरित	३४	६	१	२	२५
क्षेत्रीय शहरी विकास आयोजना	४८	१६	३	३	२६
जम्मा	७२४	१४८	२८	२२	५२६

सङ्गठन तथा कर्मचारी ब्यवस्थापनः

१४. **प्रशासकीय सङ्गठन र कर्मचारी व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजश्व असूली क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन पछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थानीय तहमा सङ्गठन संरचना कायम हुने व्यवस्था छ । नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १६२ दरबन्दी स्वीकृत भएकोमा ८३ पदपूर्ति भई ७९ पद रीक्त रहेको छ । ७१ जना रिक्त दरबन्दी भित्रको पदमा सहित करार नियुक्ति गरी १५४ पदपूर्ति भएको छ । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन लगायत दैनिक सेवा प्रवाहमा समेत असर परेको अवस्था छ । रीक्त पदहरु यथासक्य छिटो पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्ने देखिन्छ ।

१५. **तलबी प्रतिबेदनः-** स्थानिय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तह अन्तर्गतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरिक लेखापरीक्षकबाट पारित गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले नगरपालिका अन्तरगतका कर्मचारीको तलबी प्रतिवेदन पारित नगरी रु. २१८०४८२८।३९ तलब खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेड समेत यकिन हुन सकेन । तलबी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नु पर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
१६.	**कर्मचारी करारः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले बिभिन्न पदमा ५९ जना कर्मचारीहरु करारमा राखी रु. १२५९८५८१।०८ खर्च लेखेको छ ।	
१७.	**शिक्षक दरबन्दी र पदपूर्तिः-** स्थानीय तह अन्तर्गत रहेका सामूदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत बिभिन्न तहका ३२ सामुदायिक विद्यालयहरुको कुल शिक्षक दरबन्दी १९८ रहेकोमा १९७ पदपूर्ति भई १ रिक्त रहेको पाइयो । व्यवस्थित पठन पाठनको लागि समयमा नै पदपूर्ति हुनु पर्दछ ।	
१८.	**कल्याण कोषः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तिय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु. १० लाख ट्रान्सफर गरेको छ । उक्त कोषको सञ्चालन सम्बन्धी नगरपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला गरिनुपर्दछ ।	
१९.	**कर्मचारी प्रोत्साहन भत्ताः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुबिधा सम्बन्धि अन्य व्यवस्था स्थानीय तहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई मात्र खाजा र खाना बापतको रकम भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले यो बर्ष रु. ३८ लाख ८० हजार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्यय भार बढ्न गएको छ ।	
२०.	**खाना तथा विविध खर्चः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको स्वीकृत परिधिभित्र रही औचित्यको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष खाना तथा विविध खर्चमा रु. २९६६३२५।५ खर्च गरेको छ । अनुत्पादक खर्च गरेको कारण आर्थिक व्यय भार बढ्न गएको छ । यस्तो खर्च नियन्त्रण हुनु पर्दछ ।	
२१.	**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जङ्गल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्क बेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ।	
२२.	**वडा सचिवको पदपूर्तिः** नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाहमा महत्वपूर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ ।	

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
१२	१२	१२	०

२३. **सेवा प्रवाहको स्थिति** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १० वटा ऐन, १ वटा नियमावली र ६ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छः

सि.नं.	विवरण	जम्मा
१	स्वीकृत घरनक्सा दर्ता पास	१६
	पञ्जिकरणतर्फ	
१	जन्मदर्ता	९७३
२	मृत्युदर्ता	२४०
३	बसाईसराई दर्ता	८४८
४	विवाह दर्ता	४८३
५	सम्बन्धविच्छेद दर्ता	२
	पूर्वाधार विकास सडक निर्माण	भौतिक प्रगति
१	कालोपत्रे सडक निर्माण	३०० मिटर
२	कालोपत्रे सडक मर्मत	०
३	ग्राभेल सडक निर्माण	४० कि.मी
४	ग्राभेल सडक मर्मत	५ कि.मी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन । सेवा प्रवाहमा सुधार हुनु पर्दछ ।

२४. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७६/०७७ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले सञ्चालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष सञ्चालन गरेका योजना देहाय अनुसार छन् ।	

रु. १ लाख सम्म	रु. १ लाख देखि २ लाखसम्म	रु. २ लाखदेखि ५ लाखसम्मका	रु. ५लाख देखि १० लाखसम्मका	रु. १० लाख भन्दा बढीको	जम्मा
३४३	१४४	१४१	४६	५०	७२४

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु. १ लाख देखि ६ करोड सम्मका जम्मा ३८१ वटा योजना सञ्चालन गरेकोमा रु. १ लाख भन्दा मुनिका मात्र ३४३ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु सञ्चालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, सञ्चालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्थातर्फ ध्यान दिनु पर्दछ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• **कानून निर्माण एवं कार्यान्वयनः**	
२५.	**न्यायिक समितिः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी नरहेको र यो बर्ष २८ विवाद दर्ता भएकोमा २२ वटा मात्र फछ्र्यौट भई ६ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ ।	
	• **पदाधिकारी सुविधाः**	
२६.	**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार नगरपालिकाबाट देहाय बमोजिम रु. १११८४५००।- सुविधा बापत भुक्तानी भएको छ ।	

सि. नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष १२ जना	कार्यपालिका सदस्य ८ जना	सभाका सदस्य ४३ जना	जम्मा
१	बैठक भत्ता	१८०००	१८०००	२१३०००	१४४०००	०	३९३०००
	पदाधिकारी पारिश्रमिक	१०५०००	९००००	७९२०००	२१६०००	७२९०००	१९३२०००
२	यातायात खर्च	०	०	०	८५५००	०	८५५००
३	टेलिफोन,मोबाइल	६३०००	५४०००	४३२०००	२५२०००	७५६०००	१५५७०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

४	पुस्तक,पत्रीका, ईन्टरनेट	६३३००	४९५००	४५७२००	२५२०००	९४५०००	१७६७०००
५	समन्वय तथा सहजीकरण	९००००	८१०००	७०२०००	४३२०००	१५१२०००	२८१७०००
६	अतिथि सत्कार	९९०००	९००००	८६४०००	०	०	१०५३०००
७	खानेपानी/बिजुली/ सरसफाई	३६०००	३१५००	२७००००	१८००००	३७८०००	८९५५००
८	चाडपर्व खर्च	२७५००	२५०००	२१६०००	८००००	३३६०००	६८४५००
	जम्मा	**५०१८००**	**४३९०००**	**३९४६२००**	**१६४१५००**	**४६५६०००**	**१११८४५००**

२७. **स्वकीय सचिव र सल्लाहकारः**- सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर नगर प्रमुखको १ जना स्वकीय सचिव र सल्लाहकारको नियुक्ति गरी कूल रु. ४,०६,०००।- भुक्तानी गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकिएको भन्दा फरक पदमा कर्मचारी नियुक्त गर्ने कार्य नियन्त्रण हुनु पर्दछ ।

२८. **आर्थिक सहायताः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन् । नगरपालिकाले यस वर्ष रु. १३८५०० आर्थिक सहायता वितरण गरेका छन् । आधार बेगर आर्थिक सहायता खर्च लेख्ने कार्यलाई नियन्त्रण गर्नु पर्दछ ।

- **अनुदान फिर्ता, वितरण र उपयोगः**

२९. **अनुदान फिर्ताः**— सङ्घीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान वर्षभरी खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहाय बमोजिमको अनुदान खर्च नभई रु. ४ करोड २० लाख २५ हजार फिर्ता भएको छ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	फिर्ता रकम	बाँकी रकम
सङ्घीय सरकार	शसर्त	२१४९४८५००	१७८५५१६९२१६	३६३९६८०७४२	०
	विषेश		०	०	०
	समपुरक	२५८०३६१	२३६१९८६	२१८३७५	०
	अन्य	०	०	०	०
प्रदेश सरकार	शसर्त	१३४५७०००	१२९४३४३०	५१३५७०	०
	विषेश	१५४२३६२	१५३०४३८	११९२४	०
	समपुरक	११६९०७७	११६९०७७	०	०
क्षेत्रिय शहरी	अन्य	१९३३०००२।७५	१४४४५११५।१	४८८४८८७६५	०

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><td>विकास</td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>२५३०२७३०२।८</td><td>२११००१७३८।७</td><td>४२०२५५६४।०७</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३०.</td><td>संस्थालाई अनुदानः- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै सङ्घ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नु पर्दछ । स्थानीय तहले यो वर्ष शैक्षिक, स्वास्थ्य तथा सामाजिक संस्थाहरुको कार्यालय व्यवस्थापन खर्चका लागि रु. ३ करोड ८१ लाख ५१ हजार अनुदान उपलब्ध गराएका छ । यसरी अनुदान उपलब्ध गराएकोमा उक्त अनुदान रकमको खर्च सहितको प्रगति प्रतिवेदन पेश भएको छैन् । प्रगति प्रतिवेदन लिई अनुदान रकमको प्रभाव समिक्षा हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>नगरपालिका, पूँजीगतः</td><td></td></tr>
<tr><td>३१.</td><td>शुक्लाफाँटा बहुप्राविधिक शिक्षालयलाई डिप्लोमा इन सिभिल इन्जिनियरिङ्ग तथा मेकानिकल इन्जिनियरिङ्ग कक्षा सञ्चालनका लागि भौतिक पूर्वाधार निर्माणका लागि नगरपालिकाले शिक्षालयले प्रस्ताव गरे बमोजिम बिभिन्न ६ वटा पूर्वाधारका कार्यहरुमा खर्च गर्ने शर्तमा रु. ५० लाखको प्रस्ताव पेश गरेको सोही प्रस्तावका आधारमा ३ किस्तामा उक्त रकम निकासा भएकोमा सम्झौता अनुसार पूर्वाधार सम्बन्धी सामाग्री खरीद जडान, सञ्चालन गरेर सो खर्चको चौमासिक सोधभर्ना माग गर्नुपर्नेमा शिक्षालयका दैनिक प्रशासनिक लगायतका सम्पूर्ण बील भरपाई समेत संलग्न गरी सोधभर्ना निकासा लिएको देखियो । अन्तिम निकासा लिंदा रु. ४६९४४४६।५९ को मात्र बील पेश गरेकोमा प्रस्तावमा पेश गरे भन्दा बिल्कुलै फरक सामान, दैनिक प्रशासनिक खर्चका बील सबै एकमुष्ट खर्च रकम राखी निकासा लिएको, अनुदान रकमबाट सम्पन्न पूर्वाधारहरुको प्राविधिक मापन मूल्याङ्कन गरी कार्य सम्पन्न प्रतिवेदन पेश नभएको, अनुदान रकमको लेखापरीक्षण प्रतिवेदन पेश भएन । अतः अनुदान निकासा भन्दा घटी असम्बन्धित बील समेत राखी पेश गरेका बील बीजक नपुग रु. ३०५५५३।४१ स्थानीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने सहित अनुदान रकम प्रस्ताव गरे बाहेक असम्बन्धित शीर्षकमा गरेको खर्च छानबीन गरी फिर्ता हुनु पर्दछ ।</td><td>३०५५५३.४१</td></tr>
<tr><td>३२.</td><td>पालिकाको वडा कार्यालय १ र २ अन्तर्गत प्रहरी पोष्ट वन्साह निर्माण उपभोक्ता समितिसँग स्वीकृत लगत अनुमान रु. ८१५२५४.८३ मा उपभोक्ताको अंश १० प्रतिशत रहने गरी नगरपालिकाबाट अनुदान दिने सम्झौता भए बमोजिम उपभोक्ताको प्राविधिक बील एवं कार्य सम्पन्न प्रतिवेदन रु. ९८३७७९.५६ पेश भई उपभोक्तालाई अन्तिम बील भुक्तानी गर्दा सम्झौता रकममा नबढ्ने गरी रु. ६७९६१८ मात्र रकम भुक्तानी भएको देखियो। उपभोक्ता समितिसँग सम्झौता गरी दिएको कार्यको भेरीएसन थप गर्न सकिने व्यवस्था सार्वजनिक खरीद नियमावली, २०६४ नियम १२० अन्तर्गत नरहेको अवस्थामा स्वीकृत सम्झौता भन्दा बढीको कार्य सम्पन्न प्रतिवेदनका आधारमा भुक्तानी भएको रु. ६५१६४.९८ असूल हुनु पर्दछ।</td><td>६५१६४.९८</td></tr>
<tr><td>३३.</td><td>मालिका टोल खेल मैदानमा ढल निर्माण कार्य नगरपालिका ६० प्रतिशत र प्रदेश सरकारको ४० प्रतिशत म्याचिङ्ग फण्ड समावेश गरी कूल लागत अनुमान रु. ६२७६५०० स्वीकृत भई योजना कार्यान्वयनमा आएकोमा BOQ मा स्वीकृत ८ वटा Items मध्ये माटो फिलिङ्ग गर्ने, साइट सफा गर्ने, इटाको सोलिङ्ग गर्ने ३ वटा आइटमको (करीब ३५ प्रतिशत मात्र) कार्य</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गरेको अवस्थामा रनिङ्ग बील रु. २३१२८३९ बराबरको कार्य आंशिक रुपमा गरेर, भए गरेको कामको मापन मूल्याङ्कन गरी वडा अध्यक्षको सिफारिसका आधारमा भुक्तानी दिई बाँकी ६५ प्रतिशत कार्य नगरी योजना अधुरो छाडेको देखियो । सम्झौता गर्ने ढल निर्माण उपभोक्ता समितिलाई सम्झौताका शर्त बमोजिम थप कार्य सम्पन्न गर्न लगाई योजना सम्पन्न गर्नुपर्नेमा प्राविधिकले गरे भएको कामको बिल तथा कार्य सम्पन्न बनाई आंशिक रकम भुक्तानी दिई योजना अलपत्र पार्ने प्राविधिक तथा प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार र जवाफदेही बनाई बाँकी कार्य सम्पन्न गर्न आवश्यक निर्देशन दिई योजना सम्पन्न गर्नु पर्दछ।	
३४.	पालिकाको वडा नं. १० ढल निर्माण योजना शहरी विकास कार्यक्रमको बजेटबाट कार्यान्वयन हुने गरी निर्माण व्यवसायी श्री नागार्जुन निर्माण सेवासँग रु. ३४८०७५४०३ (भ्याट बाहेक) मिति २०७६।२।१७ को कार्यदिशबाट निर्माण कार्यको जिम्मेवारी दिएको देखियो । गत वर्ष ठेकेदारको ढिलासुस्तीले मिति २०७६।६।१५ मा सम्पन्न गर्नुपर्ने कार्य तोकिए बमोजिम हुन नसकी शहरी विकास कार्यक्रमको विनियोजन बजेट रु. १६९७९०५ (भ्याट बाहेक) भुक्तानी भै बाँकी बजेट फ्रिज भएको । उक्त ठेक्का मिति २०७६।६।१५ मा सम्पन्न हुन नसकी गत वर्ष अधुरो रहेकोमा उक्त योजनाको लागि यस वर्ष शहरी विकास आयोजनामा बजेट बिनियोजन नभएको र ठेकेदारको म्याद समेत थप भएको देखिएन । तर उक्त ठेक्काको म्याद थप नगरी कार्यालयले वर्षान्तमा निज ठेकेदारलाई नगपालिकाले आन्तरिक स्रोतबाट रु. १०९७७३१ (भ्याट समेत) भुक्तानी दिई बाँकी कार्य अधुरो अवस्थामा छाडेको, ठेकेदारबाट उक्त कार्य गराउन सक्ने अवस्था नदेखिएको, नियमानुसार ठेक्का तोड्ने कार्यवाहीको प्रकृया समेत कार्यालयबाट अगाडी नबढाएको अवस्था छ। म्याद समाप्त भईसकेका ठेक्काको भुक्तानी दिनु पूर्व जमानत बापतको बैङ्क ग्यारेण्टी समेत नविकरण नगरी बजेट व्यवस्था नै नभएको अवस्थामा स्रोतान्तर गरेर बजेट खर्च गरेको रकम अनियमित देखेको रु.	१०९७७३१
३५.	सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२० तथा सम्झौताको G.CC 47.1 अनुसार उक्त निर्माण व्यवसायीको म्याद थप गर्नुपर्ने म्याद थप गर्नु पूर्वनिर्धारित क्षतिपूर्ति लिएर मात्र मनासिब माफिकको म्याद थपी निर्माण कार्य सम्पन्न गर्नुपर्ने हुँदा सम्झौतामा उल्लेखित ठेक्का अङ्क रु. ३४८०७५४।०३ (भ्याट बाहेक) को अधिकतम् १० प्रतिशतले हुने हर्जाना रु. ३४८०७५।४१ असूल गरेर मात्र निर्माण कार्यको म्याद थप गरी योजना सम्पन्न गर्नुपर्ने देखिएको रु.	३४८०७५.४
३६.	**गत वर्षको दायित्व भुक्तानीः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(७) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गतेभित्र भुक्तानी बाँकीको बिबरण प्रमाणीत गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७५।०७६ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु. १५२४५७५० भुक्तानी दिन बाँकी बिबरण प्रमाणित गरेको छैन् । आ.व. २०७६।०७७ को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था नगरेको अवस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठूलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा बाहेक यस	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नहुने व्यबस्था मिलाउनु पर्दछ ।
<table>
<tr><th>भौ.नं.मिति</th><th>ठेक्का नं.</th><th>ठेकेदारको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>१७९-०७७।३।१७</td><td>१०,०७५।०७६</td><td>शिवशङ्कर डेभलपर्स</td><td>वडा नं. ५ कार्यालय भवन</td><td>२७४३९४९</td></tr>
<tr><td>१८०-०७७।३।१७</td><td>५,०७५।०७६</td><td>नागार्जुन निर्माण सेवा</td><td>नयाँ कम्प्लेक्स भवन</td><td>१८२९०३०।६९</td></tr>
<tr><td>२४४-०७७।३।२६</td><td>२९,०७५।०७६</td><td>नागार्जुन निर्माण सेवा</td><td>ढल निकास योजना</td><td>२६११५७१।५०</td></tr>
<tr><td>२१-०७६।८।१२</td><td>१०,०७५।०७६</td><td>शिवशङ्कर डेभलपर्स</td><td>वडा नं. ५ कार्यालय भवन</td><td>३०३४७४६।७३</td></tr>
<tr><td>१६-०७६।७।२८</td><td>४,०७५।०७६</td><td>नागार्जुन निर्माण सेवा</td><td>सपिङ्ग कम्पलेक्सन</td><td>५५००७४।७४</td></tr>
<tr><td>१४-०७६।७।१९</td><td>२७,०७५।०७६</td><td>डागेश्वर निर्माण सेवा</td><td>वन समिति खजुवा सडक</td><td>३२००२५९।२३</td></tr>
<tr><td>३७-०७६।९।२३</td><td>९,०७५।०७६</td><td>आर.पी.कन्स्ट्रक्सन</td><td>वडा नं. १ भवन</td><td>१२७६११७।९६</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१५२४५७५०</td></tr>
</table></td><td></td></tr>
<tr><td>३७.</td><td>भगवती सामूदायिक वन उपभोक्ता समिति वडा नं. ८ सँग मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन एवं खाद्यवाली सुरक्षा कार्यक्रम अन्तर्गत मेसवायर जाली लगाउने कार्य सम्पन्न गरी प्राविधिक बीलको आधारमा रु. ४५७२३०।३५ भुक्तानी भएको छ। बोर्डर वायर, ग्यावीयन तार, एङ्गल जस्ता सामानहरुको उपभोक्ताले पेश गरेका बीलका आधारमा परीक्षण गर्दा मेशवयर १.७ Sqm मा ३.१ केजीको नर्मस अनुसार १ Sqm जाली तयार गर्न २.२९ केजी तार लाग्ने दर विश्लेषणको प्राविधिक मूल्याङ्कन अनुसार १२०७.७१ Sqm कार्य भएकोमा प्रति Sqm २.२९ केजीका दरले जम्मा २७६५.६५ केजी तार खपत हुने देखिन्छ । तर उपभोक्ताको खरीद बील ७८३.६० केजी मात्र रहेकोले मूल्याङ्कन भन्दा घटी १९८२.०५६ केजी तार उपयोग नभएको देखिंदा प्रति केजी रु.१२४ का दरले नपुग तारको रकम रु. २४६३६९।५५ बील बेगर मूल्याङ्कन गरी बढी भुक्तानी दिने प्राविधिक कर्मचारीलाई जिम्मेवार र जवाफदेही बनाई आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित समितिबाट असूल हुनु पर्दछ ।</td><td>२४६३६९.५५</td></tr>
<tr><td>३८.</td><td>आर.सि.सि. ग्यावियन जाली उ.स. बेलडाडी पश्चिमलाई मानव वन्यजन्तु द्वन्द्व व्यवस्थापन सुरक्षा कार्यक्रम अन्तर्गत मेसवायर जाली लगाउने कार्यको सम्झौता गरी २ लाइन काडे तार मिडीयम कोटेड तार, एङ्गल, मेसवायर समेतका सामान सहितको प्राविधिक बील बमोजिम रु. ४८९४२९ भुक्तानी भएकोमा उपभोक्ताले पेश गरेका सामानको बील र प्राविधिकले प्रमाणित गरेको बीलको परिमाण अनुसार जालिको मात्रा घटी देखियो । मेसवायर १ Sqm का लागि २.२९ के.जी. लाग्ने दर विश्लेषणको नर्मस अनुसार प्राविधिक बील अनुसार ५६० Sqm का लागि १२८२.४० के.जी. GI तार लाग्नेमा उपभोक्ताले ७८३.६० के.जी.को मात्र जाली खरीदको बील पेश गरेकोले ४९८.८ के.जी. तार मापन गरेको, प्राविधिकको बील भन्दा न्यून देखिएकोले घटी मापन भएको प्रति के.जी. २४८.६० का दरले हुने रु. १२४००१।६८ रकम सामान उपयोग बेगर बढी भुक्तानी गएकोले प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाई आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा गर्नुपर्ने रु.</td><td>१२४००१.६८</td></tr>
</table>

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
३९.	**परामर्श खर्च भुक्तानीः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्यमा आवश्यक्ता अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरीद गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले देहाय अनुसारका परामर्श सेवाको खरीद गर्दा प्राविधिक प्रस्ताव माग गरी सो को मूल्याङ्कनबाट उतिर्ण परामर्श दातालाई आर्थिक प्रस्ताव समेत मागी प्रतिस्पर्धात्मक विधिबाट छनौट गर्नुपर्नेमा खेल मैदान, कोलोपत्रे सडक, फोहोर मैला व्यवस्थापन लगायतका ८ योजनाहरुको **DPR Drawing desigen, cost estimate** लगायतका प्राविधिक कार्यको नर्मस बेगर बजेटको आधारमा प्रस्ताव माग गरी सोझै खरीद गरी रु. ३९,८२,४०६ खर्च लेखेका छन् । नगरपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुजी निर्माण हुने मागमा आधारित आयोजनाको लाभ लागत एकीन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरीद गनुपर्नेमा सो गरेको देखिएन ।	

भौ.नं. मिति	परामर्श दाताको नाम	परामर्श सेवा	भुक्तानी रकम
३०-०७६।९।१८	प्याराडाइज इ.क.प्रा.लि.	सडक डिपीआर	८७८३७
१८-०७६।८।११	सैपाल इन्जिनियरिङ्ग प्रा.लि.	पिपलाडी सडक डिपीआर (२.७७ किमी)	९९९४५
२१०-०७७।३।२३	पेसो कन्सल्टेन्ट प्रा.लि.	नगर अस्पताल डिपीआर	९९७७९०
१२-०७६।७।८	बाइनरी इन्जिनियरिङ्ग सोसुलन प्रा.लि.	खेलमैदान डिपीआर	३४९६२२
५३-०७६।१०।१६	अर्विट इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	वडा नं.९, २ सडक डिपीआर	४८८०४७
३८-०७६।९।२३	अनफोलो इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा.लि.	वडा नं.९ का शाखा सडक डिपीआर (४.४९ किमी)	३९९५६७
२०९-०७७।३।२३	स्पेश इन्जिनियरिङ्ग सर्भिसेज	फोहोर व्यवस्थापन साइट डिपीआर	९७२२८१
३७४-०७६।३।३१	स्पेश इन्जिनियरिङ्ग सर्भिसेज	झलारी बञ्जरिया सडक (६.७५ किमी)	५८७३१७
जम्मा			३९८२४०६

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
४०.	**अमानतबाट सडक मर्मतः** सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) मा खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था विपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर सोझै पदाधिकारी वा कर्मचारीलाई परीचालन गरी सडक मर्मत गरेको पाइयो । टुक्रा पारी सोझै अमानतबाट गरिएको खरीद कार्य अनियमित देखिएको रु.	४५०७३६

भौ.नं.मिति	मर्मत गर्नेको नाम	वडा नं.	सडकको नाम	भुक्तानी रकम
२२-०७६।९।३	केशवदत्त जोशी	१०	वञ्जरिया पुलदेखि टोटीसम्म सडक मर्मत/ग्राभेल, माटो भर्ने	९५०००
२३-०७६।९।३	केशवदत्त जोशी	१०	शाखा बाटोमा ग्राभेल भर्ने	९६०००
२८-०७६।९।१७	राजेन्द्र विष्ट	११	दशरथ आ.वि. देखि रेलडण्डीसम्म सडक मर्मर्म	९९७३६
४-०७६।६।१५	केशवदत्त जोशी	१०	झलारी बजारको ढल सफाई	१६००००
जम्मा				४५०७३६

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४१.	**ग्राभेल रोयल्टीः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ (६) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समूदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बील भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने ब्यवस्था छ । कार्यालयको पेश गरेको दर विश्लेषणमा उपभोक्ता समितीलाई ग्राबेल खरीदको रोयाल्टी बापत रु. १५४७९१।४९ भुक्तानी गरेको छ । कार्यालयले देहायको उपभोक्ता समितिलाई देहाय बमोजिम ग्रावेलको कार्य बापत रकम भुक्तानी गरेकोमा, संलग्न फाँटवारीमा उपभोक्ताले ग्राभेलको ढुवानी भर्पाई मात्र पेश गरेको तर रोयाल्टी बील पेश नगरेकोले, रोयाल्टी बापत उपभोक्तालाई भुक्तानी भएको रकम सम्बन्धित उपभोक्ताबाट असूल गरीनु पर्ने रु.	

भौ.नं.मिति	उपभोक्ता समिति	ग्राभेलको परीमाण	दर	भुक्तानी रकम रु.
स्थानीय पूर्वाधारतर्फः				
१०-०७७।३।२५	वडा नं.८ खानेपानी ट्याङ्की देखि मणिकधाम पर्यटकीय सडक उ.स.	११०.३५	११२।५५	१२४१९.८९
क्षेत्रिय सहरी विकास आयोजना				
१३६-०७७।३।२९	वडा नं.८ पारीफाँटा देखि धारापानी बतासे सडक ग्राभेल	८३९.८७	७५	६२९९०
१७३-०७७।३।१७	वडा नं.८ फूलेली एलानी टोल स.ग्राभेल	३४८.४०	७५	२६१३०
२९८-०७७।३।२९	पिल्लाडी फाँटा सडक ग्राभेल उ.स.	५९८.०२	७५	४४८५१.६०
३७७-०७७।३।३१	ग्रामीण सडक निर्माण योजना उ.स.(वडा नं.७ का सडकहरु)	११२	७५	८४००
जम्मा				१५४७९१।४९

बेरुजू रकम: १५४७९१.४९

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
४२.	**सबलेट कार्यः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभग्राही समूदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट काम गराउन सकिने छैन् भन्ने उल्लेख छ । कार्यालयले देहायका उपभोक्ता समितिसँग बाटो खन्ने, डिप ट्युबवेल जडान गर्ने कार्य को सम्झौता गरेकोमा, उपभोक्ता समितिले देहायका निर्माण व्यावसायी मार्फत कार्य सब कन्ट्याकमा दिई काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिसकर्ता एवं अनुगमनकर्तालाई यस सम्बन्धमा जिम्मेवार बनाउनु पर्दछ ।	६५५६६१.३०

भौ.नं.मिति	उपभोक्ता समितिको नाम	ठेकेदारको नाम	कामको विवरण	भुक्तानी रकम (भ्याट समेत)
२८९-०७७।३।२९	गोरेडाँडा डिप बोरिङ्ग निर्माण	एच.एम.एग्रीकल्चर बारे बेल क.लि.	डिप बोरिङ्ग जडान	६५५६६१।३०

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

४३. **स्थानीय पूर्वाधार विकास साझेदारी कार्यक्रमः**

यस वर्ष पूर्वाधार विकासतर्फ रु. १ करोड ९८ लाख ८० हजार बजेट बिनियोजन भएकोमा रु. १ करोड ७५ लाख ७३ हजार खर्च गरी औषत् ८३ प्रतिशत वित्तिय प्रगति हासिल भएको विवरण पेश भएको छ ।

(रु.हजारमा)

खर्च शीर्षक	बजेट	निकास/खर्च	वित्तीय प्रगति प्रतिशत
सडक तथा पूल निर्माण	६९००	५१७६	७५
तटबन्ध तथा बाँध निर्माण	१४८०	११४०	७७
अन्य सार्वजनिक निर्माण	११५००	११२५६	९७
जम्मा	१९८८०	१७५७३	

उपरोक्त कार्यक्रम अन्तर्गत ७ वटा योजना स्वीकृत भएकोमा २ वटा योजना शत प्रतिशत, ४ वटा ७५ प्रतिशत भन्दा बढी र १ वटा ५० प्रतिशत भौतिक प्रगति भएको देखिन्छ । अतः तोकिएको कार्यक्रम चौमासिक रुपमा सम्पन्न गरी प्रगति हासिल गर्नु पर्दछ ।

४४. **उपभोक्ता समितिलाई पेश्कीः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ७७ बमोजिम कार्यालयले बाह्य स्रोतबाट निर्माण, खरीद कार्य गराउँदा नियमानुसार बढीमा २० प्रतिशत पेश्की जमानत बापत नगद वा बैङ्क जमानत लिई पेश्की दिन सकिने उल्लेख छ । स्वीकृत प्रस्ताव वा लागत अनुमानका आधारमा दिने पेश्की रकम निम्नानुसारका उपभोक्ता समितलाई निर्माण कार्यको लागि सम्झौता गरेको आधारमा पेश्की जमानत बापतको बैङ्क ग्यारेन्टी नलिई पेश्की उपलब्ध गराएकोले बिना बैङ्क ग्यारेण्टी पेश्की दिने कार्य नियन्त्रण हुनु पर्दछ ।

भौ.नं. मिति	समिति	कामको विवरण	सम्झौता	पेश्की
१-०७७।२।५	डिलासैनी मन्दिर नि.उ.स.उप	मन्दिर निर्माण	४८२११२८।७५	१३२००००
२-०७७।२।२०	रामेश्वर मन्दिर नि.उ.स.	मन्दिर निर्माण	१२०००९८	३३३०००
३-०७७।३।१५	(चम्म) खल्ला मञ्च गेट नि.स.	गेट निर्माण	२२०५०००	६६२०००
४०-०७६।९।२४	गौरीशङ्कर डिप बोरिङ्ग उ.स.	बोरिङ्ग जडान		१५००००
३५-०७६।९।२३	वडा नं. ८ खानेपानी तथा सरसफाई उ.स.	खानेपानी तथा सरसफाई		१३००००
३१-०७६।९।२१	वडा नं. १ अस्थायी प्रहरी पोष्ट निर्माण उ.स.	प्रहरी पोष्ट निर्माण		२३००००
२७८-०७७।३।२९	मालिकाटोल सडक कालोपत्रे उ.स.	सडक कालोपत्रे		१३००००

४५. **उपभोक्तालाई भेरीएशन थप भुक्तानीः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम अनुसार उपभोक्ता वा लाभग्राहीलाई स्वीकृत लगत इस्टमेट बमोजिम सम्झौताबाट उपलब्ध गराएको निर्माण कार्यमा भेरीएसन आदेश स्वीकृत गरी बिओक्यूमा स्वीकृत परीमाण तथा दरमा थप गरी भुक्तानी गर्न मिल्दैंन् । कार्यालयले निम्नानुसारका उपभोक्ता समितिलाई तपसीलमा उल्लिखित निर्माण कार्यको स्वीकृत परिमाणमा भेरीएशनबाट बढी भुक्तानी गरेको देखिएकोले स्वीकृत

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम
	परिमाण भन्दा बढी मापन मूल्याङ्कन गरी थप कार्यको भुक्तानी दिएको रकम अनियमित देखिएको रु.	५५७४४६

भौ.नं.मिति	समिति	काम	स्वीकृत परीमाण	कार्य भुक्तानी भएको परिमाण	बढी परिमाण भुक्तानी	दर	रकम
१३-०७७।३।२५	रामेश्वर शिव म.नि.	TMT	२८१२ केजी	३९९१ केजी	११७९ केजी	११४.८	१३५३६१
१४-०७७।३।२५	डिलासैनी मन्दिर नि.	RCC	२४४२.०४ CUF	३००२.३३ CUF	५६०.२९ CUF	३५५.६	१९९२४०
		TMT	५४३३.६७ केजी	७१७६.८२ केजी	१७४३ केजी	१२७.८	२२२८४२
जम्मा							५५७४४६

४६. **क्षेत्रीय शहरी विकास आयोजनाः** यस वर्ष कार्यक्रम अन्तर्गत रु. १ करोड ९२ लाख ५५ हजार बजेट बिनियोजन भई बिभिन्न शीर्षकमा रु. १ करोड ३९ लाख ९९ हजार खर्च भएको विवरण पेश भएको छ ।

(रु.हजारमा)

शीर्षक	बजेट	अनिवार्य जनसहभागिताको प्रतिशत	खर्च
क्षमता विकास	४२००	२० प्रतिशत	
सामाजिक आर्थिक विकास लैङ्गिक समानता सामाजिक समावेशीकरण	८०५५	३० प्रतिशत	
वातावरण संरक्षण	४१५०	२० प्रतिशत	
सञ्चालन, मर्मत अनुदान	२८५०	१० प्रतिशत	
जम्मा	१९२५५		१३९९९

यस सम्बन्धमा देखिएका थप व्यहोरा निम्न छन् ।

उपरोक्त बमोजिम शीर्षकगत स्वीकृत कार्यक्रम कार्यान्वयनका लागि उपभोक्ता समिति तथा लाभग्राही समुदायको तोकिए अनुसारको लागत सहभागिता हुनुपर्नेमा सबै कार्यक्रममा १० प्रतिशत मात्र सहभागिता रहने गरी योजनाको लागत अनुमान स्वीकृत भएकोले कार्यक्रमले तोके अनुसार क्षमता विकास, सामाजिक आर्थिक विकास, वातावरण संरक्षण कार्यक्रममा जनसहभागिताको अंश न्यून हुने गरी (१० प्रतिशत मात्र) सम्झौता गरेर कार्यक्रम सञ्चालन गरेको छ । लक्षित सहभागितामूलक कार्यक्रमको कार्यान्वयनमा न्यून श्रम अंश समावेश गरी निर्देशिकाले तोके भन्दा फरक किसिमबाट योजना कार्यान्वयन हुनु उपयुक्त देखिएन ।

४७. पालिकाको वडा नं. ७ टोटी नाला तटबन्ध निर्माण उ.स. सँग लागत इस्टिमेट रु. ७५६२०८।८६ स्वीकृत गरी तारजालीका ढुङ्गा भर्ने कार्य सम्झौता अनुसार सञ्चालन गरेकोमा उपभोक्ताको बील तथा कार्य सम्पन्न प्रतिवेदन अनुसारको मूल्याङ्कन रु. ७५१९३१।०५ पेश भएकोमा उपभोक्ताले पेश गरेको बील बमोजिम रु. ५९८५८४ भुक्तानी हुँदा २७०१ केजी GI

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	तारको बील पेश भएको, लगत इस्टिमेट अनुसार २९०४.५८ केजी तार लाग्ने नर्मस अनुसार देखिएकोले बिभिन्न साइजका ९ वटा जाली कम भरेको देखियो । प्रति जालीको स्वीकृत दर रु. ४८५५।३० ले बील बेगर भुक्तानी भएको जालीको रु. ४३६९८ तथा उक्त जालीमा लगत इस्टिमेट अनुसार १९२ घमी ढुङ्गा लाग्नेमा ९ वटा जालीको अनुपातिक ढुङ्गा बढी भरेको ११.१६ घ.मी. प्रति घमी २५७।५० ले रु. २८७५ समेत रु. ४६५७३ बढी भुक्तानी भएकोले घटी जालीको प्रमाण पेश गर्नुपर्ने अन्यथा असूल हुनुपर्ने रु.	४६५७३
४८.	**शहरी विकासः** झलारी सिसैया पूल उत्तर तटबन्ध निर्माण उ.स.लाई तारजालीमा ढुङ्गा भर्ने कार्यको रु. ८४७२२४ भुक्तानी भएकोमा लगत इस्टिमेट अनुसार बिभिन्न साइजका जालीमा ४३०८.६६ केजी GI तार लाग्ने गरी इष्टिमेट भए अनुसार तारजाली र ढुङ्गा भर्ने कार्यको रकम भुक्तानी हुँदा उपभोक्ता समितिले पेश गरेको GI तारको बील अनुसार २६३० केजी मात्र खपत भएको देखियो । प्राविधिक बीलमा मापन मूल्याङ्कन गरे अनुसारका जालीको हिसाब गर्दा १६७८ केजी GI तार घटी देखिएकोले उक्त तारबाट तयार हुने ४३ थान जाली कूल मूल्याङ्कनमा घट्ने देखियो । प्रति जाली रु.४८५६.३० दरका आधारमा घटी देखिएका ४३ थान जालीको रु.२१०३४९।९० तथा उक्त जालीमा प्रति घमी ढङ्गा भर्ने दर २५३.५३ को दरले रु. ३२९४१ समेत घटी जाली प्रयोग भई भुक्तानी भएको रु. २४३२९० को अपुग जालीको प्रमाण पेश गर्नुपर्ने अन्यथा उपभोक्ता समितिबाट असूल हुनु पर्दछ ।	२४३२९०
४९.	मीतेरी पूल Double Slab कल्भर्ट निर्माण कार्य स्वीकृत लगत इस्टिमेट रु. ५३४४८९३।७१ को निर्माण व्यवसायी अस्मिता बिल्डर्स एण्ड कन्सल्टेन्सी प्रा.लि.लाई मिति २०७५।६।३० सम्ममा सम्पन्न गर्ने गरी ठेक्का सम्झौता रु. ५१७१५९१।०० (भ्याट बाहेक)मा निर्माण कार्य आदेश दिएकोमा गत वर्षसम्म रु. ४१२५७९१।९७ भुक्तानी भएको, यस वर्ष रु. ११९५८७८।५९ समेत कूल रु. ५३२१६३९ भुक्तानी भएको छ । निज ठेकेदारको सम्झौता बमोजिमको म्याद समाप्त भई प्रथम पटक थप गरेको म्यादमा समेत निर्माण कार्य सम्पन्न गरेको देखिएन । अन्तिम रनिङ्ग बीलमा उक्त पुलको विस्तृत अध्ययन प्रतिवेदन अनुसार (RCC कन्क्रिट PCC For RCC) परीमाणको १ प्रतिशत डण्डीको खपत हुने उल्लेख भएकोमा अन्तिम बीलमा मिति २०७५।९।२० मा भेरीएसनको लागि निवेदन पेश साथ दोस्रो पटक मिति २०७६।६।३० म्याद थप गरी डण्डी बृद्धि भएको भनी भेरिएसन माग गरेको देखियो । RCC को परीमाण 44.23 घ.मी. रहेकोमा TOR को परिमाण १ % of PCC for RCC अनुसार बीलको मूल्याङ्कनमा ३७०२।७८ पेश गरेकोले नियमानुसार ३४३६.०६ केजी डण्डी लाग्ने देखिन्छ । ठेक्काको २, २ पटक म्याद थप गरेको, Work Schedule अनुसार निर्माण कार्यको प्रगति गर्न नसक्ने ठेकेदारलाई ठेक्काको म्याद सकिए पछिको बीलको आधारमा भेरीएसन आदेश जारी गरी १६६०.७२ केजी डण्डीको प्रति के.जी. ९० का दरले रु. १५००४८ थप भुक्तानी दिएको रकम अनियमित देखिएको रु.	१५००४८
५०.	**अनुगमन भत्ताः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा पदाधिकारी सेवा सुविधा ऐन, २०७५ मा पदाधिकारीहरुले अनुगमान भत्ता पाउने सम्बन्धमा कुनै व्यवस्था रहेको देखिदैन् । कार्यालयले निम्न कार्यक्रममा भ्रमण आदेश बेगर अनुगमन भत्ता भनि खर्च देखाएको रकम असूल दाखिला हुनुपर्ने रु.	३४०००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

गो भौ	कार्यक्रम विवरण	रकम रु.	कर कट्टी पछिको रकम रु.
६३।२०७६।११।१२	लक्षित समुहमा आम औषधी खुवाउने कार्यक्रम २० जना	२४०००	२०४००
१३९।२०७७।३।२४	सामुदायिक आयोजना कार्यक्रम ४ जना	१६०००	१३६००
जम्मा			३४०००

५१. **आगन्तुक सहजकर्ता भत्ताः** स्थानीय शासन सञ्चालन ऐन, २०७४ तथा अन्य कुनै पनि कानूनी व्यवस्थामा पदाधिकारीहरुलाई कार्यक्रम संयोजन बापत सहजकर्ता भत्ता दिने व्यवस्था रहेको देखिदैन् । कार्यालयबाट निम्न कार्यक्रमहरुमा नियम विपरित भुक्तान भएको रकम सम्बन्धितबाट असूल दाखिला हुनुपर्ने रु. — २३२९०

गो. भौ. र मिति	**कार्यक्रम विवरण**	**रकम रु**	**कर कट्टी पछिको रकम रु**
२८।२०७६।७।१४	स्वास्थ्य शाखाको चौमासिक समिक्षा कार्यक्रम	१६०००	१३६००
६६।२०७६।९।२३	पिताम्वर स्वास्थ्य चौकी।प्रजनन स्वास्थ्य कार्यक्रम	२४००	२०४०
११३।२०७६।११।२३	जन्मान्तरका लागि सेटलाईट सेवा कार्यक्रम	९०००	७६५०
		जम्मा	**२३२९०**

५२. **कार्यपत्र बेगरको प्रशिक्षण भत्ताः** कार्यालयले सञ्चालन गरेका निम्न कार्यक्रमहरुमा कार्यपत्र बेगर नै प्रशिक्षण भत्ता बापत बुझेको रकम असूल दाखिला हुनुपर्ने रु. — ७२२५०

गो. भौ. र मिति	**कार्यक्रम विवरण**	**रकम रु**	**कर कट्टी पछिको रकम रु.**
८८।२०७६।१०।२६	हात्ति पाइले रोग विरद्दको आम औषधी वितरण कार्यक्रम वडा न १,२,१२ मा ८ शेसन	८०००	६८००
९३।२०७६।१०।२८	हात्ति पाइले रोग विरद्दको आम औषधी वितरण कार्यक्रम पिपलाडी स्वास्थ्य चौकी ६ शेसन	६०००	५१००
२२६।२०७७।३।२९	साक्षर नेपाल अभियान ५ दिने अभियान १६ शेसन	३९०००	३३१५०
५२।२०७७।३।२९ नपा शिक्षा	विद्यालय कर्मचारी प्रशासनिक तथा आई सि टि सम्वन्धि तालिम ८ शेसन	१२०००	१०२००
१२।२०७६।८।२९कृषि नपा	आलु तरकारी तथा मसला वालि विकास कार्यक्रम ५ वटा घुम्ति तालिम २० शेसन	२००००	१७०००
	जम्मा		**७२२५०**

५३. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरीद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरीद व्यबस्थापनका लागि सोझै खरीद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट सञ्चालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

कुल निर्माण खर्च	सोझै खरीद		सिलबन्दी दरभाउपत्र		बोलपत्र		तेश्रो चौमासिकमा व्यवस्था भएको	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
					२४	३०२६९१६४	७	३५७९५५०२

५४. **बार्षिक खरीद योजना/गुरुयोजना** ः सार्वजनिक खरीद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरीद गर्दा तोकिए बमोजिमको खरीद गुरु योजना र वार्षिक खरीद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरीद गर्दा गुरु योजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरीद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस नगरपालिकाले बिभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ४५ करोड २ लाख पूँजीगत खर्च/खरीद निर्माण कार्य गरेको छ । नगरपालिकाले आफ्नो खरीद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरीद योजना र गुरु योजना नबनाई खरीद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरीद योजना/गुरु योजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरीद कार्य गर्नुपर्दछ ।

५५. **सवारी साधन खरिदः-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक सङ्घीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरीद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानीकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन् । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरीद गर्न नपाइने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार नगरपालिकाले ३ थान दुई पाङ्ग्रे सावरी साधन खरीदमा रु. ७११५२२।१३ खर्च गरेका छन् ।

सि.नं	सवारी साधन	संख्या	रकम
१	मोटरसाइकल	३	७११५२२।१३

- **कर दस्तुर एवं आन्तरिक आयः**

५६. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । नगरपालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर बापत अनुमानित रु. १९,५००,०००।- आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।०७७ मा रु. १४५४९७३८।६८ अर्थात् अनुमान भन्दा २५.३८ प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

५७. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले आर्थिक वर्ष २०७६।०७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

रु हजारमा

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३६०२२८८६१	१४५४९७३९.००	४.०४

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ४.०४ प्रतिशत मात्र रहेको छ । नगरपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

५८. **कर तथा शुल्क असुलीः—** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असूली	असूली प्रतिशत
सम्पत्ति कर	१,०००,०००।००	७८२१८२।५	७८।२२
मालपोत (भुमिकर)	५,०००,०००।००	२७९५८५२।७७	५५।९२
घर जग्गा वहाल कर	३००,०००।००	६९४२४२।७	२३१।४१
व्यवशाय कर	२,२००,०००।००	३२०८९०	१४।५९
प्राकृतिक स्रोत उपयोग कर	०	०	०
क.ढुंगा, गिट्टी, वालुवा बिक्री	२,०००,०००।००	०	०
ख. वन पैदावारवाट रोयल्टी	१,०००,०००।००	०	०
सवारी साधन कर	५००,०००।००	५११०१	१०।२२
बिज्ञापन कर	५०,०००।००	७६०००	१५२।००
घरजग्गा रजिष्ट्रेशन शुल्क	३००,०००।००	०	०
सेवा शुल्क	५५०,०००।००	११६२००२	२११।२७
आयस्रोत प्रमाणित	५००,०००।००	०	०
शिक्षा परिक्षा सेवा शुल्क	५०,०००।००	४५६००	९१।२०
व्यक्तीगत घटना दर्ता शुल्क	१००,०००।००	९३६५०	९३।६५
नाता प्रमाणित	५०,०००।००	२७००	५।४०
वहाल विटौरी शुल्क	१,०००,०००।००	१९६७१७	१९।६७
अन्य शुल्क तथा दस्तुर	८००,०००।००	१९४०४३	२४।२६
अन्य विकी	१,०००,०००।००	७५७५५०	७५।७६
सिफारिस दस्तुर	२,०००,०००।००	१८१९३५१	९०।९७
भाडा तथा वहालवाट प्राप्त	३००,०००।००	६३२५०	२१।०८
नक्सा पास दस्तुर	५००,०००।००	७१०४८७।७१	१४२।१०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	अन्य राजश्व | १००,०००।०० | ४७८४११९ | ४,७८४।१२ कवाडी कर | १००,०००।०० | ० | ० फोहर कर | १००,०००।०० | ० | ० जम्मा रकम रु | १९,५००,०००।०० | १४५४९७३८।६८ | ७४।६१ नगरपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
५९.	**गिट्टी, ढुङ्गा, बालुवाको करः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६४ को उपदफा १, १ (च), ३ र ४ मा ढुङ्गा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले सङ्कलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागू गरेको कानून अनुसार बाँडफाँड हुने गरेको देखिन्छ । तर उक्त दफा सङ्घीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२ (क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुङ्गा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो सञ्चित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको अवस्थामा उक्त दफा ६२ (क) विपरित हुने गरी सङ्घीय मन्त्रीपरिषद्ले ढुङ्गा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था देखियो । स्पष्ट कानूनी व्यवस्था गरी सो करको सङ्कलन तथा बाँडफाँड गर्नुपर्दछ ।	
६०.	**राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाबाट रसिद ठेलीहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख नगरपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन एकीन गर्न सकिएन । कार्यालयबाट सबै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व सङ्कलन गर्नेतर्फ कार्यालयको ध्यान जानुपर्दछ ।अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असुलीलाई स्वचालित प्रणाली मार्फत् ब्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
६१.	आर्थिक कार्यविधि नियमावली, २०६४ अनुसार कुनै पनि संस्था वा कार्यालयले प्राप्त गरेको आन्तरिक आय बैङ्क खाता वा प्राप्त राजश्वको विवरण अनुसार वर्षान्तमा भिड्नु पर्ने हुन्छ । नगरपालिकाले आन्तरिक आम्दानी एउटै खाता सञ्चित कोषमा दाखिला गरेकोले कुन कुन शीर्षकमा कति आम्दानी प्राप्त भयो, वडागत रुपमा कति आम्दानी भयो सो को यकीन विवरण पालिकासँग नभएकोले प्राप्त आय बैङ्क वा विवरणसँग छुट्टाछुट्टै खाता व्यवस्थापन गरी शीर्षक छुट्याई विवरण भिडाउनु पर्ने देखिन्छ । पालिकाले आन्तरिक राजश्वबाट रु. १४५४९७३९ प्राप्त गरेको देखाएपनि हिसाब मिलान भएको पाइएन । आयको विवरण व्यवस्थित गर्नु पर्दछ ।	
६२.	**राजश्व दाखिला :** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत वटा वडा नगरपालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन् । यसरी ढिला हुने गरी राजश्व रकम बैङ्क दाखिला भएको अवधिको कार्यालयले छानबीन गरी, जरिवाना रकम असूल गर्नुपर्ने देखिन्छ । कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैङ्कमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
६३.	**व्यवसाय करः**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा **५८** मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका बिभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क बापत कर सङ्कलन नगरेको र नगरपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन् । तसर्थ, नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
६४.	**योजना कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना तर्जुमा एंव स्वीकृत गर्दा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरणका आधारमा योजना स्वीकृत गर्नुपर्ने व्यवस्था उल्लेख छ । साथै योजना बनाउदाँ मध्यम र दीर्घकालिन प्रकृतिका योजनाको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था भएकोमा सो अनुसार नगरपालिकाले योजनाको प्राथमिकरण गर्न नसकेको, प्रतिफल दिन सक्ने उत्पादनमूलक योजना कार्यान्वयन गर्नुको सट्टा वितरणमूखी, वास्पीकरण हुने खालका नतिजा एकीन गर्न नसकिने योजनालाई बढावा दिएको अवस्था छ । यस्ता योजना सालवसाली कार्यान्वयन गरी सम्पन्न हुन नसकेका, गरे भएको लगानी अधुरा अपुरो अवस्थामा यथास्थितिमा छोडेकोले अनुत्पादनक लगानी भएको अवस्था कायम छ । दीर्घकालीन महत्वका बहुवर्षिय योजनामा लगानी बढाउनेतर्फ नगरपालिकाको ध्यान जानु पर्दछ ।	
	सशर्त कार्यक्रमतर्फः	
६५.	**औषधी खरिदः**- सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा रु. २० लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरीद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया बेगर रु. ३०,१०,१२६ को औषधी सोझै खरीद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छन्	
६५.१.	खरीद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको ।	
६५.२.	आपूर्ति हुने औषधी डब्लु.एच.ओ. सटिफाइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं. र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश गरेको छैन् ।	
६५.३.	आपूर्ति भएका औषधी एवम् सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा एकीन गर्न सकिएन ।	
६५.४.	औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरीद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन् ।	
६५.५.	औषधीको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।	
	तसर्थ, औषधीको खरीद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकिएको गुणस्त अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरीद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनु पर्दछ ।	
६६.	**प्रधानमन्त्री रोजगार कार्यक्रमः-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत् नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन् । उक्त कार्यक्रममा तलबमान खर्चमा रु. ४६७,८७० बाहेक अन्य कार्यक्रम सञ्चालित भएका छैनन् । कार्यक्रम सञ्चालनको लागि नियुक्त जनशक्तिलाई कार्यक्रम सञ्चालन नगरी प्रशासनिक खर्च मात्रै हुनु उपयुक्त देखिएन ।	
	समानीकरण पूँजिगततर्फः	
६७.	**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व. २०७६/०७७ मा कन्टीन्जेन्सी बापत रु. १०,१३,१२६।- खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन् । नियमावलीले तोके अनुसारको खर्चमा नियन्त्रणका लागि	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>योजनागत कन्टिन्जेन्सी खाता अद्यावधिक हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>६८.</td><td>सफ्टवेयर खरिदः- नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं. ४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार गरी मानक अनुरुप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउन पर्ने व्यबस्था रहेको छ । स्थानीय तहले सम्बन्धी सफ्टवेयर खरीद गरी देहाय बमोजिम रु. ९९५५३०।- खर्च गरेकोमा खरीद भएका सफ्टवेयरको सूचना तथा प्रविधि विभागबाट स्वीकृत लिएको देखिएन ।
<table>
<tr><th>सफ्टवेयरको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>संग्रिला</td><td>राजश्व</td><td>४९७२००.००</td></tr>
<tr><td>स्वचालिन पालिका व्यवस्थापन</td><td>योजना</td><td>४९८३३०.००</td></tr>
</table>
यस्ता सफ्वेयर स्वीकृति लिई प्रयोग गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>६९.</td><td>योजना हस्तान्तरणः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत् निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भए पश्चात्त आयोजनाको स्वामित्व सोही समितिलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाइएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयमा रही थप व्यय भार थपिन जाने देखिन्छ । समयमा योजना सम्पन्न गरी स्वामित्व सोही समितिलाई हस्तान्तरण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७०.</td><td>निर्माण कार्यको गुणस्तरः सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ (१ङ) अनुसार सार्वजनिक निकायले खरीद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरीक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत् आवश्यक व्यवस्था गर्नुपर्दछ । कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न बिभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, मोर्टार तथा कंक्रिट क्यूब टेष्ट गराउने, कालोपत्रे सडकककको परिक्षण जस्ता कार्य गराएको पाइएन । यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन् । अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । गुणस्तर परीक्षणमा देखिएको थप व्यहोरा निम्नानुसार देखियो ।

निर्माण व्यवसायीबाट Quality Assurance Plan (QAP) पेश नगराएको ।
सम्झौता साथ पेशगरेको specification अनुसार काम नगराएको ।
Specification उल्लेख गरे अनुसार फलामे डण्डी, गिट्टि बालुवा, ढुङ्गा, ईटा, जी.आई तार (जिङ्क), सिमेन्ट, माटो विटुमिन कम्याक्सन, सिमेन्ट स्याण्ड मोर्टार पुलको भार बहन क्षमता, कंक्रिट क्यूव पाइप तथा फिटीङ्ग आदिको गुणस्तर परीक्षण समेत नगरी भुक्तानी दिएको ।
</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• गुणस्तर परीक्षणको लागि कार्यालयको आफ्नै ल्याव र प्राविधिक जनशक्ति उपलब्ध नरहेको। • ठेक्काको Bill of Quantity (BOQ) र दर विश्लेषणमा गुणस्तर परीक्षणको लागि रकम व्यवस्था नगरेको । • गुणस्तर परीक्षणको लागि सिलबन्दी नमूना प्रयोग गर्नु पर्नेमा नमूनाहरु प्रयोग नगरेको। • संरचनाहरु निर्माण गर्दा स्पेसिफिकेसनमा उल्लेखित स्थानको (Quarry site) निर्माण सामाग्री प्रयोग गर्नु पर्नेमा अन्य स्थानमा सामाग्रीहरु प्रयोग गरेको । कार्यालयमा प्राविधिक जनशक्ति पर्याप्त भएर वा नभएर निर्माण स्थलको निरीक्षण र सुपरभिजन कमजोर भई गुणस्तर नियन्त्रण हुन नसकेको ।	
७१.	**बीमा गराउनुपर्नेः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११२ (१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बीमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा सञ्चालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बीमाको व्यवस्था गरेको छैन् भने सम्झौतामा बीमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बीमा गरेको प्रमाण पेश भएका छैनन् । निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि अनिवार्य रुपमा संरचनाको बीमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ ।	
७२.	**उपभोक्ताको बील भपाईः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ९७ को उपनियम ६ मा उपभोक्ता समिति वा लाभग्राही समूदायले आफुले प्रत्येक किस्ता को कामको प्राविधिक मूल्याङ्कन, बील भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने उल्लेख छ । उपभोक्तालाई रकम दिनु पूर्व कार्यालयले निर्माण कार्यको नापी गर्ने र नापीको आधारमा बील तयार गरी उपभोक्ताको योगदानको अशं कटाई भुक्तानी दिने गरेको छ । उपभोक्ताले खरीद गरेको सिमेन्ट, आइरन लगायतका सामानको बील/बीजक तथा भर्पाई राख्ने गरेतापनि Stone Masonary Wall, Gravelling जस्ता कार्यका लागि आवश्यक ढुँगा, ग्राबेल खरीदका रोयाल्टी बील राख्ने नगरेकोले उपभोक्ताबाट भएको वास्तविक खर्च एकीन गर्न सकिएन भने उक्त सामग्री खरीद बापत भुक्तानी हुने रकम समेत एकीन गर्न नसकिने हुनाले, सो सम्बन्धमा तहाँबाटै छानबीन गरी बास्तविक खरीद भएको बिलको आधारमा मात्र भुक्तानी दिई अनावश्यक भुक्तानी नियन्त्रण गर्नु पर्दछ ।	
७३.	सार्वजनिक खरीद नियमावली, २०६४ को नियम १११ (१ङ) अनुसार सार्वजनिक निकायले खरीद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालय र उपभोक्ताबीचको सम्झौतामा बिभिन्न निर्माण सामग्री तथा निर्मित संरचनाको **Quality Assurance** का लागि **Lab Test** को व्यवस्था गरिएको भएतापनि उपभोक्ताद्वारा निर्माण गरिएको संरचनाको **Lab Test** भएको छैन् । गुणस्तर परिक्षणबिना उपभोक्ताबाट निर्मित कालोपत्रे सडकमा गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

७४. **अधुरो भवन/संरचना निर्माणः** सार्वजनिक खरीद नियमावली, २०६४ को नियम (३क) मा सार्वजनिक निकायले खरीद कारबाहीको तयारी गर्दा खरीदको आवश्यकता पहिचान गरी पूर्ण खरीद प्रकृया अवलम्बन गरी खरीद कार्य स्वीकृति गर्नुपर्ने व्यवस्था उल्लेख छ । कार्यालयले देहायको भवन/संरचना निर्माणका लागि भुक्तानी गरेको रकमको संलग्न फाँटवारी अनुसार भवनको डि.पि.सि, पिल्लर लगायतको आंशिक संरचना निर्माणको मात्र सम्झौता भई सोही अनुसार कार्य सम्पन्न पेश भएको छ । भवन निर्माण जस्तो जटिल संरचना निर्माणको स्रोत समेत सुनिश्चित नभएको अवस्थामा, केही अंशमात्र निर्माण गरेर छोड्ने र सो भवनको अधुरो संरचना खडा गरी उपयोगहिन अवस्था श्रृजना भई सरकारी श्रोत साधनको नोक्सानी हुने अवस्था विद्यमान रहेको छ । आंशिक संरचनामात्र निर्माणका न्यून बजेट बिनियोजन गरी अधुरा अपुरा भवन संरचना निर्माण गरी रकम भुक्तानी भएको देखियो । आ.ब. २०७७।०७८ मा यी योजनाहरुको म्याद थप गरी कार्यक्रम सम्पन्न गर्ने कार्यालयबाट जानकारी दिएको छ । उक्त योजनाहरुको म्याद थप गर्न पूर्वनिर्धारित हर्जाना लिई म्याद थप गरेर मात्र काम गर्नुपर्ने देखिन्छ।

योजनाको नाम	भुक्तानी रकम
सडक ग्राभेल तथा पानी प◌ीच वडा न◌ं. ६	७८९४९९.५६
आर सि सि कल्भट वडा न◌ं. १	४८५३२७.५५
आर सि सि कल्भट वडा न◌ं. १	५७९६१९.१९
कालोपत्रे वडा न◌ं. ११	६७३३१३.८९
सडक ग्राभेल तथा पानी प◌ीच वडा न◌ं. १०	१८४४५५३.२६
जम्मा	४३७२३१३.४५

समानीकरण चालुतर्फः

७५. **भ्रमण खर्च** : सुदूरपश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकीकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।
- कतिपय भ्रमणहरु नगरपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो बापतको खर्च भुक्तानी गर्ने गरेको ।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर चाहेको दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी

<table>
<tr><th>दफा</th><th>भौ.नं., मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले, तोकिएको कानूनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६.</td><td>डोजर, लोडर, एक्साभेटर मर्मत : नगरपालिकामा रहेको डोजर, लोडर र एक्साभेटरको मर्मत तथा ईन्धनमा यस वर्ष कार्यालयले रु. १४२१५१४।६७ खर्च गरेकोमा उक्त डोजर, लोडर र एक्साभेटर भाडामा लगाएबापत कार्यालयले कुनै पनि आम्दानी गरेको छैन् । नगरपालिकाद्वारा अन्य मर्मत सम्भारमा समेत यसको प्रयोग भएको देखिएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि यस्ता हेभी मेशिनरी औजारको उपयोगतर्फ प्रयास हुनु पर्दछ ।
<table>
<tr><th>मेशिनरी</th><th>संख्या</th><th>मर्मत रकम</th><th>आम्दानी रकम</th></tr>
<tr><td>ब्याक्होलोडर</td><td>१ वटा</td><td>२५७३५४।००</td><td>०</td></tr>
<tr><td>अन्य</td><td>मोटर साईकल २७/ जीप ३ / टिप्पर २</td><td>११६४१६०।६७</td><td>०</td></tr>
<tr><td>जम्मा</td><td>३३ वटा</td><td>१४,२१,५१४।६७</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>७७.</td><td>गत बर्षको भुक्तानीः- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(८) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिन पर्नेको कारण खुलाई म.ले.प फारम नं २२१ भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई प्रमाणित गराएर राख्नु पर्दछ । कार्यालयले देहायको लाई भुक्तानी गरेकोमा, नियमावली बमोजिम कच्चावारी भरी प्रमाणित गरेको नपाईको हुँदा रु. ६२२२४ भएको हो होइन यकिन गर्न नसकिएको रु.
<table>
<tr><th>गो.भौ.नं.र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>१६-२०७६/६/१४</td><td>१५ जनाको छुट तलब</td><td>६२२२४</td><td>२०७५ फाल्गुनदेखि २०७६ असारसम्म</td></tr>
</table></td><td>६२२२४</td></tr>
<tr><td>७८.</td><td>श्रोत व्यक्तिको तलबः- शिक्षा मन्त्रालयको परिपत्र अनुसार काजमा कार्यरत श्रोत व्यक्तिलाई २०७६ असोज मसान्त भित्र दरबन्दी भएको विद्यालयमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । तर नगरपालिकाले महेन्द्रनगर मा.वि. महेन्द्रनगर विद्यालयकको शिक्षक श्री हर्क बहादुर चन्दलाई श्रोत व्यक्तिको रुपमा राखेको पाइयो । निजको दरबन्दी भएको विद्यालयमा सट्टा शिक्षक राख्नुपर्ने हुन्छ । जसले गर्दा दोहोरो खर्च हुने अवस्था देखिन्छ । मन्त्रालयको निर्देशन अटेर गरी निज शिक्षकलाई सम्बन्धित विद्यालयमा नखटाई तलब खर्च लेख्ने कार्यालय प्रमुख र लेखा प्रमुखलाई थप जिम्मेवार र जवाफदेही बनाई परिपत्र बमोजिम निजलाई दरबन्दी भएको विद्यालयमा फिर्ता गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>७९.</td><td>निजी शिक्षकः- नगरपालिकाले बिभिन्न विद्यालयको निजी शिक्षकलाई रु. २५४४००/- खर्च लेखेको छ । शसर्त अनुदानबाट सङ्घीय सरकारले शिक्षा क्षेत्रको खर्चको भार बहन गरिरहेको अवस्थामा समानिकरण चालूबाट निजी शिक्षकलाई खर्च गरेको देखियो । समानिकरण चालूबाट लेखेको यस्तो खर्च नियमसम्मत नदेखिएको रु.</td><td>२५४४००</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
८०.	**अग्रिम करः** आय कर ऐन, २०५८ को दफा ८८ मा सेवा शुल्क भुक्तानीमा १५ प्रतिशतको दरले श्रोतमा अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । देहाय अनुसारका पार्टीलाई सेवा शुल्क भुक्तानी गरेकोमा १५ प्रतिशतको दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा कर कट्टी छुट भएको देखिएकोले छुट कर सम्बन्धित फर्मबाट असूल उपर गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु.	१५७४०

भौ न मिति	भुक्तानि पाउने व्यक्ति/ संस्था	भुक्तानि भएको रकम	कट्टि हु नुपर्ने	कट्टि भ एको	छुट कर
८७४-२०७ ७/३/१२	रेडियो प्रभु एफ.एम. कञ्चनपुर	३००००	४५००	३००	४२००
८४४-२०७ ७/३/३	शुक्लाफाँटा खबर दैनिक पत्रिका	२१०००	३१५०	३१५	२८३५
७१८-२०७ ७/२/६	रेडियो प्रभु एफ.एम. कञ्चनपुर	१९९५०	२९९२	२९९	२६९३
७६१-२०७ ७/२/२०	रेडियो प्रभु एफ.एम. कञ्चनपुर	५०१००	७५१५	१५०३	६०१२
जम्मा					१५७४०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
८१.	**सामाजिक सुरक्षा भत्ताः-** सामाजिक सुरक्षा भत्ता बैङ्क मार्फत् वितरण गर्दा बैङ्कलाई कुनै किसिमको शुल्क तिर्नु नपर्ने नेपाल राष्ट्र बैङ्कको बैङ्क तथा वित्तिय संस्थालाई दिएको निर्देशिकामा उल्लेख छ। पालिकाले सो कार्य बापत कुमारी बैङ्क तथा सामाजिक सुरक्षा बैङ्क मार्फत वितरण भएकोमा देहायको कार्यालयको पनि कर्मचारी तथा बैङ्कको कर्मचारीलाई पनि कर कट्टी गरी रु–२९३३००/- भत्ता भुक्तानी गरेको पाइयो । बैक मार्फत भत्ता वितरण गर्दा शुल्क नलाग्ने भएकोले भुक्तानी भएको भत्ता सम्बन्धितबाट असूल गर्नुपर्ने रु.	२९३३००

गो.भौ.नं मिति	कर्मचारीको नाम	भुक्तानी रकम
१०२-२०७६/७/३	महादेव भट्ट	७१४०
	प्रकाश भट्ट	७१४०
	भरत विष्ट	७१४०
११५६-२०७७/३/३१	दिपेन्द्र कुमार जोशी	१०००८०
	महादेव भट्ट	
११५७-२०७७/३/३१	राजेन्द्र बहादुर सिंह	२२०००
१०२९-२०७७/३/२७	केशव दत्त जोशी	१४९८००
	जम्मा	२९३३००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
८२.	**सार्वजनिक तथा सामाजिक परीक्षणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो बनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाबाट बार्षिक सम्पन्न योजनाहरु कार्यालयको सेवा प्रबाह सम्बन्धमा सार्वजनिक सुनुवाई तथा सामाजिक परीक्षण भए गरेको पाइएन । ऐनले तोके अनुसार	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	कार्यान्वयन भएका योजनागत विकास निर्माणका कार्यको सार्वजनिक एवं सामाजिक परीक्षण गर्ने ब्यवस्था सुरु गर्नुपर्ने देखिन्छ ।	
८३.	आय कर ऐन, २०५८ को दफा ८८ मा परामर्शदातालाई परामर्शको सेवा गरे बापत मू.अ.कर दर्ता नभएको फर्मलाई १५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । देहायका संस्थाले देहाय बमोजिम तालिम लगायतको कार्यक्रम सञ्चालन गरेकोमा बील जारी नगर्नुका साथै अग्रिम कर समेत कट्टी गरेको नदेखिएकोले उक्त संस्थालाई ऐन अनुसार हुने अग्रिम कर १५ प्रतिशतको दरले असूल गरी सङ्घीय रावश्व कोषमा दाखिला गर्नुपर्ने रु.	२९७००

भौ.नं.रमिति	परामर्शदाताको नाम	कामको विवरण	भुक्तानी रकम	कर कट्टि गर्नुपर्ने	कट्टी भएको	कम
१०५-२०७६/७/३	उमेश दत्त भट्ट	अपाङतारु को लागि तालिम सञ्चालन	२०००००	३००००	३००	२९७००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
८४.	**पदाधिकारीवाट कामः-** नगरपालिका भित्र नगर प्रमुख, वडाअध्यक्ष तथा सदस्यहरुले आफैं पेश्की लिने आफैं काम गर्ने र वडा अध्यक्षले वडावाट आफै भुक्तानी माग गरी पेश्की फछ्र्यौटको लागि सिफारिस गर्ने गरेको देखियो । निर्वाचित पदाधिकारीवाट अनुगमन तथा नियन्त्रण गर्नुपर्नेमा आफै काम गराइ आफैं अनुगमन गर्ने र भुक्तानि लिने परम्पराले आर्थिक अनुशासन नहुने र आर्थिक हिनामिनामा हुने जोखिम कायमै छ । केहि उदाहरण निम्नानुसार छन् ।	

गो.भौ.नं. र मिति	रकम लिइ काम गर्ने पदाधिकारी	कामको विवरण	भुक्तानी रकम रु.
१३४-२०७६/७/८	नगर प्रमुख दिल बहादुर ऐर	छाडाँ पशु व्यवस्थापन	१०००००
१६२-२०७६/७२२	वडा अध्यक्ष लाल बहादुर ऐर	मोटरसाइकल मर्मत	८९५०

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
८५.	**कानून र कार्यविधि बिना अनुदान निकासाः-** शुक्लाफाँटा नगरपालिकाको नगर सभाबाट बार्षिक नीति तथा कार्यक्रममा देहायका व्यक्ति, विद्यालय एवम् संस्थाहरुलाई निम्न प्रयोजनका लागि अनुदान रकम उपलब्ध गराउने गरी पारित भएको छ । सो अनुदान उपलब्ध गराउँदा कार्यविधि वा कानूनी व्यवस्था बिना रकम निकासा गरिएकोले एवम् अनुदानको उपयोगको स्थिति समेत एकीन गरिएको पाइएन ।	

भौ.नं र मिति	व्यक्ति/संस्था	प्रयोजन	रकम
११४७-२०७७/३/३१	लाल बहादुर कठायत	पशु कृषि र बोका अनुदा	३५००००
८०७-२०७७/२/२८	बैजनाथ आ.वि. राजपुर कञ्चनपुर	शैक्षिक अनुदान	१५००००
७६५-२०७७/२/२०	श्री कृष्ण आ.वि. १ र २	शैक्षिक गुणस्तर	३०००००
७७८-२०७७/२/२५	ठगुन्ना बेतबाँस हस्तकला उद्योग	घरेलु उद्योग व्यवस्थापन	१०००००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

७६०-२०७७/२/२०	श्री सिद बैजनाथ मा.वि.	शैक्षिक स्तोरन्नति	२०००००
६४०-२०७७/१/११	पिपलाडी स्वास्थय चौकी	सामान्य व्यवस्थापन	५००००

८६. **करार कर्मचारीलाई सञ्चय कोष रकम भुक्तानीः** करारको कर्मचारीहरुलाई करार सम्झौतामा तोकिएको सेवा सुविधा भुक्तानी हुनु पर्दछ । नगरपालिकाले करारमा कार्यरत कर्मचारीहरुको करार सम्झौतामा सञ्चय कोष रकमको सुविधा पाउने उल्लेख भएको नदेखिए तापनि सामाजिक सुरक्षा कोषमा ३९ जना करारका कर्मचारीहरुलाई रु. १३९७२१८.६ सञ्चय कोष रकम भुक्तानी गरेको छ । करार सम्झौतामा उलेख भएका सुबिधा भन्दा फरक सुबिधा खर्च लेख्ने कार्य नियन्त्रण हुनु पर्दछ ।

८७. **पदाधिकारीलाई अनुगमन भत्ताः**:- सुदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १२ मा ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा भुक्तानी दिन नपाइने व्यवस्था छ । नगरपालिकाका बिभिन्न पदाधिकारी तथा कर्मचारीहरुलाई देहाय बमोजिम अनुगमन र मेलमिलाप भत्ता भुक्तानी भएको पाइयो । ऐनमा भएको व्यवस्था विपरीत पदाधिकारीलाई भुक्तानी भएको कर कट्टि पछिको असूल गर्नुपर्ने रु. ५६०७८६.२५

गो.भौ.नं.मिति	कार्यक्रम	संख्या	भुक्तानी रकम रु.
११३०-२०७७/३/३०	योजना अनुगमन		१३८१२५
१०४८-२०७७/३/२९	साक्षर नेपाल कार्यक्रम	२६	१३४०१५
७९०-२०७७/२/२७	योजना अनुगमन		१२७९४६.२५
८०९-२०७७/२/२७	योजना अनुगमन	२७	१२०७००
८४६-२०७७/३/३	मेलमिलाप	१३	४००००
	जम्मा		५६०७८६.२५

८८. आय कर ऐन, २०५८ को दफा ८८ मा परामर्शदातालाई परामर्शको सेवा गरे बापत मू.अ.कर दर्ता नभएको फर्मलाई १५ प्रतिशतले अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । देहायका संस्थाले देहाय बमोजिम तालिम, खेलकुद लगायतको कार्यक्रम सञ्चालन गरेकोमा बील जारी नगर्नुका साथै अग्रिम कर समेत कट्टी गरेको नदेखिएकोले उक्त संस्थालाई ऐन अनुसार हुने अग्रिम कर १५ प्रतिशतको दरले असूल गरी संघिय राजस्वमा दाखिला गर्नुपर्ने रु. ४५८७५.९

भौ.न.र मिति	परामर्शदाता को नाम	प्रयोजन	भुक्तानी रकम	कर कट्टा हु नुपर्ने	कर कट्टा भएको	छुट कर
९९७-२०७७/३/२५	वडा नं.१	राना चौधरिहरु को परम्परागत पहिरण संरक्षण कार्यक्रम	१०००००	१५०००	१०८५	१३९१५

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

१०१०-२०७७/३/२६	वडा नं.२	सिलाई कटाई तालिम	२५६६४६	३४४८६.९	९८६९	२८६२७.९
६५८-२०७७/१/२६	महेश भट्ट	व्यटीपार्ल र तालिम	१०००००	१५०००	११६६७	३३३३
		जम्मा				४५८७५.९

८९. **तालिम तथा कार्यक्रमः** नगरपालिकाले नगरसभाबाट पारित देहाएका कार्यक्रम सञ्चालनमा देहायको रकम खर्च गरेको छ । सालवसाली एकै किसमिमको कार्यक्रम सञ्चालन गरिने तर सोको उपलब्धी मापन नहुने, तालिम पश्चात प्रशिक्षार्थीहरुले आय आर्जनमा संलग्न भए/नभएको एकीन समेत नहुने र तालिमको अवश्यक्ताको पहिचान समेत प्राथमिकिकरणको आधारमा नहुने स्थितिले सरकारी रकम खर्चको प्रभावकारीता कायम नहुने देखिन्छ । लगानीको आधारमा उपलब्धि मापन मूल्याङ्कन गरी यस्ता स्वरोजगार तालिम सञ्चालन हुनु पर्दछ ।

कार्यक्रम/तालिम	भुक्तानी रकम रु.
सिलाई कटाई तालिम	२५६६४६
व्यटिपार्लर तालिम सञ्चालन	१०००००
व्यटीपार्लर तालिम	१०००००
जम्मा	४५६६४६

९०. **५० प्रतिशतले हुने मू.अ.करः-** आर्थिक विद्ययेक, २०७६ ले मू.अ.कर ऐन, २०५२ मा गरेको संसोधित व्यवस्था एवं मू.अ.कर नियमावली २०५३ को २१ औ संसोधन अनुसार ६ (ग) को थप व्यवस्थाले कार्यालयले ठेक्का परामर्श, सामान आपूर्तकलाई बिजक अनुसार थप भुक्तानी हुने मूल्य अभिबृद्धि कर रकमको ५० प्रतिशतले हुन आउने रकम खर्च लेख्दा कट्टा गरी सम्बन्धित आपूर्तकको सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा कार्यालयको कोडमा दाखिला गर्नुपर्ने व्यवस्था गरेकोमा नगरपालिकाले निम्मानुसारको भुक्तानीमा ५० प्रतिशतले हुने मू.अ.कर कट्टी नगरी पूरै भुक्तानी दिएको देखियो । उक्त कारोबारको मू.अ.कर समायोजन प्रमाण पेश हुनु पर्दछ । — बेरुजू रकम: २३००८.८

गो.भौ.नं. र मिति	**विवरण**	**पान नं.**	**भुक्तानी रकम**	**मु.अ. कर रकम**	**५०% कर**	बिजक नं
८६१-२०७७/३/११	टि.भि. टुडे नेटवर्क प्रा.लि. का ठमाण्डौं	३०४९५४७२२	४०००००	४६०१७.६९	२३००८.८	१४९

९१. २ महिने साक्षरता कार्यक्रम अन्तर्गत २ सिकाई केन्द्रलाई सशर्त अन्तर्गत पारिश्रमिक गए पनि पुनः तलब बापत रु. ५२८०००/- रकम भुक्तानी भएको देखियो। दोहोरो भुक्तानी नभएको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल हुनुपर्ने रु. — बेरुजू रकम: ५२८०००

गो.भौ.नं.	भुक्तानी रकम रु.
जनसामुदायिक सिकाई केन्द्र पिपालाडी	२३४०००

दफा	भौ.नं., मिति र ब्यहोरा	बेरुजू रकम

मालिका सिकाई केन्द्र	२९४०००
जम्मा	५२८०००

९२. **लकडाउन अवधिको भुक्तानीः-** बिभिन्न कार्यक्रम तथा तालिम सञ्चालनको लागि देहायको अवधिसम्मा तालिम सम्पन्न भए पश्चात रकम भुक्तानी हुने सम्झौतामा उल्लेख छ । तर चैत्र ११ गते देशव्यापी लकडाउनको कारण सो तालिम सम्झौता अनुसार भएको देखिएन । तालिम कार्य सम्पन्न नभै आंशिक दिन तालिम सञ्चालन भएकोले अनुपातिक रकम कट्टा नगरी पूरै रु.१७९७३३/- भुक्तानी भएको पाइयो । सम्झौता अनुसार तालिम सञ्चालन नभएको दिनको उक्त संस्था तथा व्यक्तिसँग रु.१७९७३३/- असूल हुनुपर्ने रु. — १७९७३३

गो.भौ.नं.मिति	कार्यक्रम नाम	संस्थाको नाम	सञ्चालन गर्नुपर्ने अवधि	संचा न भए को अव	कम दिन	अवधि अनुसार भुक्तानी गर्नुपर्ने	भुक्तानी भए को	बढी
६४४-२० ७७/३/७	युवाहरुला म्प्यूटर तालिम	सि.सि.टी. कम्प्यूटर एजुकेशन झलारी	२०७६/११/१ गते देखि २०७७ बैशाख सम्म ३ महिना	३०	६०	३३१९९	९९६००	६६४००
७८८-२० ७७/२/२६	ड्राइभिङ लिम	सुदूरपश्चि ड्राइभिङ प्रशिक्षण केन्द्र धनगढी	२०७६/११/२२ देखि १२/२२ गरी १ महिना	२०	१०	१३३३३३३	२०००००	६६६६७
७८२-२०७७/२/२५	महिला कम्प्यूटर तालिम	युनाइटेड कम्प्यूटर एण्ड ल्वाङ्गेज इन्स्टिच्यु	२०७६/१०/२३ देखि २०७६/१/२३ गरी १ महिना	४८	४२	५३३३३	१०००००	४६६६६
जम्मा								१७९७३३

९३. **अनुत्पादक खर्चः-** सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस नगरपालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु. ५००००/- खर्च गरेको देखिन्छ । अनुत्पादक कार्यमा बजेट विनियोजन गरी खर्च गर्ने कार्य नियन्त्रण हुनु पर्दछ।

सि.नं.	**भुक्तानी पाउने व्यक्ति/संस्थाको नाम**	**प्रयोजन**	**रकम**
१.	ग्रामिण विकास केन्द्र नेपाल	मेला	५००००

९४. **पारिश्रमिकः-** डा.निराजन दत्त शर्मालाई स्वास्थ्य शिविरम कारम गरे बापत रु. २३०००/-

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>पारिश्रमिक भुक्तानी गरेको पाइयो । सो कार्य गरे बापत रु. २३०००/- पारिश्रमिक दिने स्पष्ट आधार नदेखिएकोले आधार प्रमाण पेश गर्नुपर्ने अन्यथा कर कट्टि गरी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु.</td><td>२०७००</td></tr>
<tr><td>९५.</td><td>बैठक भत्ताः- अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका, २०७५ को परिच्छेद ७ को बुँदा नं. ७.१.१ बमोजिम एउटै निकाय र अन्तर्गतका पदाधिकारी/कर्मचारी मात्र बस्ने बैठकमा भत्ता प्रदान नगर्ने तथा कानून अनुसार गठन भएका समितिहरुको बैठकमा लागि मात्र भत्ता प्रदान गर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६/०७७ को लागि बिभिन्न मितिमा बैठक बसेकोमा कर कट्टि गरी रु. १८८२७५/- भुक्तानी गरेको पाइयो । निर्देशिका विपरीत भुक्तानी भएको रु. ४८१९५/- सम्बन्धितबाट असूल गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम रु.</th></tr>
<tr><td>५९२-२०७६/१२/३</td><td>नगरपालिकाका कर्मचारीको थप सुविधा सम्बन्धि कार्यविधि, २०७६ निर्माण</td><td>४८१९५</td></tr>
</table></td><td>४८१९५</td></tr>
<tr><td>९६.</td><td>बढी भत्ता भुक्तानीः-स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी (पहिलो संशोधन) ऐन, २०७६ को दफा ३ (१) अनुसूची-१ (ख) र (ङ) बमोजिम प्रति बैठक भत्ता रु. १०००/- पाउने व्यवस्था छ । ऐनमा तोकिएको दर भन्दा देहायको बैठकमा रु. १५००/- भुक्तानी भएको पाइयो । ऐनमा भएको व्यवस्था विपरीत कर कट्टि गरी बढी भुक्तानी भएको बैठक भत्ता रु. ५४४०० /- सम्बन्धितबाट असूल गर्नुपर्ने रु. ५४४००
<table>
<tr><th>गो.भौ.नं.मिति</th><th>बैठकको किसिम</th><th>भुक्तानी गर्नुपर्ने</th><th>भुक्तानी भएको</th><th>बढी</th><th>कैफियत</th></tr>
<tr><td>९८६-२०७७/३/२८</td><td>नगर सभा</td><td>१०८८००</td><td>१६३२००</td><td>५४४००</td><td>६४ नगरसभा सदस्य को २ पटक बैठक</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५४४००</td><td></td></tr>
</table></td><td>५४४००</td></tr>
<tr><td>९७.</td><td>नगरसभाको बैठकमा पत्रकारलाई बैठक भत्ताः- ९८६-२०७७/३/२४, नगरपालिकाको सातौं नगरसभाको पहिले र दोश्रो बैठक बापत सहभागि बिभिन्न १२ जना पत्रकारलाई कर कट्टी गरि रु. १५३००/- भुक्तानी गरेको पाइयो । सो खर्च स्पष्ट आधार नदेखिएकोले सम्बन्धितबाट असूल गर्नुपर्ने रु.</td><td>१५३००</td></tr>
<tr><td>९८.</td><td>गत वर्षको भुक्तानीः- आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ४०(८) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा बिल भर्पाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिन पर्नेको कारण खुलाई म.ले.प फारम नं २२१ भुक्तानी दिन बाँकीको कच्चावारीमा चढाई प्रमाणित गराएर राखुपर्दछ । कार्यालयले आ.व २०७५/७६ को बिभिन्न १५ जना कर्मचारीहरुको छुट समायोजन ग्रेड बापत रु. ५०४५८/- भुक्तानी गरेकोमा, नियमावली बमोजिम कच्चावारी भरी प्रमाणित गरेको नपाईको हुँदा कर्मचारीहरुको समायोजन ग्रेड भएको हो यकिन गर्न नसकिएको रकम अनियमित देखिएको रु.</td><td>५०४५८</td></tr>
</table>

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	सामाजिक सुरक्षातर्फः	
९९.	**सामाजिक सुरक्षातर्फ बढी निकासाः-** सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्योक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या एकीन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैङ्क मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । तर नगरपालिकाले लाभग्राहीको लगत अद्यावधिक नगरी रु. १२२५०३२०० निकासा तिनवटै चौमासिकमा रु. ११४२६२८०० खर्च लेखी रु.८२४०४०० फिर्ता गरेको गरेको छ । नागरिकता नम्बर नखुलेको, मृत्यू भइसकेका लाभग्राहीको लगत कट्टा नगरी बढी खर्च गरेका छन् । नगरिपालिकाले यस सम्बन्धमा तहाँबाटै छानबीन गरी दोहोरो परेको रकम असूल गरी लगत अद्यावधिक गर्नु पर्दछ ।	
९९.१	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नविकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस.) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन् । व्यवस्थापन सूचना प्रणाली अधाबधिक हुनु पर्दछ ।	
९९.२	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६ (घ) बैङ्किङ प्रणाली मार्फत् सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था सम्पूर्ण वडाहरुमा कार्यान्वयन भएको छैन् ।	
९९.३	नगरवासी मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नविकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत् वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरी पेश भएको छैन् । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागू गर्नु पर्दछ ।	
९९.४	सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता सञ्चालन गर्ने बैङ्क तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुदाँ नं. १० मा बैङ्कले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । बैङ्कले नगरपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormat खाताको विवरण नगरपालिकालाई दिएको पाइएन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको एकीन	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	गर्ने सकिएन । कार्यविधिमा भएको व्यवस्था अनुसार नगरपालिकाले उक्त बैङ्कसँग Dormat खाताको विवरण मागी कार्यविधिमा भएको व्यवस्था पालना गर्नु पर्दछ ।	
	विपद् व्यवस्थापनः	
१००.	**समिति गठनः** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १६ मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले ऐनमा तोकिए बमोजिमको समिति गठन गरेको छैन् ।	
१०१.	**विपद् व्यवस्थापन कोषः** विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद् व्यवस्थापन कोषमा रहने रकम भुक्तानी गर्ने गरेको देखिन्छ । (कोभिड कोष) कार्यालयको कोभिड कोषमा सङ्घिय सञ्चित कोषबाट रु. १५ लाख ६२ हजार, प्रदेश सञ्चित कोषबाट रु. २६ लाख ३० हजार, स्थानीय तहबाट विनियोजन रु. ३ करोड ७८ लाख ८३ हजार तथा अन्य स्रोतबाट रु. १ लाख ९१ हजार समेत रु. ४ करोड २२ लाख ६५ हजार आय प्राप्त भएकोमा जनशक्ति परिचालन (भत्ता) रु. ४७ लाख ५४ हजार, राहत वितरण रु. ९७ लाख ७६ हजार, औषधी तथा स्वास्थ्य सामाग्री खरीद रु. ७ लाख ८६ हजार, अन्य खर्च रु. १ करोड ७९ लाख ९० हजार, क्वारेन्टीन सञ्चालन रु. २ करोड ३१ लाख ३९ हजार, आइसोलेसन केन्द्र सञ्चालन खर्च रु. ३४ लाख ७५ हजार समेत गरी कूल रु. ५ करोड ९९ लाख २० हजार खर्च भएको विवरण प्राप्त भएको छ । एकमुष्ट रुपमा खर्च देखाईएको उक्त रकम कहाँ कहाँ कसोरी खर्च भएको हो खुल्दैन् । अतः आयको तुलनामा व्यय रकम रु. १ करोड ७६ लाख ५५ हजार बढी देखाएकोले स्रोतगत आय घटी भएको अवस्थामा खर्च बढी हुन सक्ने अवस्था देखिंदैन् । कार्यालयले आयको यथार्थ अभिलेख नगरेको कारण आम्दानीको तुलनामा खर्च बढी देखिएको अवस्था छ । सबुद प्रमाण एकीन नगरी हुने यस्ता खर्चमा नियन्त्रण हुनु पर्दछ । कोभिड कोषमा प्रदेश सरकार, सँघिय सरकार, अन्य निकायगत अनुदान पटक पटक प्राप्त भएकोमा सो को निकायगत प्राप्ती एवँ शिर्षकगत खर्चको विस्तृत विवरण नगरपालिकाले तयार गरेको छैन् । औषधी लगायतका स्वास्थ्य सामाग्री खरीद एवँ वितरण, राहात वितरण, क्वारेन्टिन सँञ्चालन खर्च लगायतका शिर्षकगत खर्च पुष्टि हुने विवरण सहितको लेखा अद्यावधिक नगरेको कारण खर्च एकीन गर्न सकिने अवस्था छैन् । शीर्षक नखुलाई अन्य विविध शीर्षको खर्च रु. १७९९०३४७ देखिनुले कोभिड १९ रोकथाममा निकायले गरेको खर्च पारदर्शी छैन् ।	
१०२.	**वार्षिक प्रतिवेदनः-** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।	
१०३.	**सरकारी तथ सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०४.</td><td>आन्तरिक लेखापरीक्षणः:- स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययीता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। तर नगरपालिकाले यस वर्ष आर्थिक कारोबारको आन्तरिक आयतर्फको आन्तरिक लेखापरीक्षण गराएको छैन् । तसर्थ, कानूनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउनेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०५.</td><td>आन्तरिक लेखापरीक्षण शाखा : प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन् । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तिय जोखिम बढ्ने सम्भावना रहन्छ । तसर्थ, यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्नेतर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१०६.</td><td>पेश्की बाँकीः आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४ (३) मा पेश्की दिएको रकम म्यादभित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ। कार्यालयले उपलब्ध गराएको म्याद नाघेको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं</th><th>पेश्की लिनेको नाम</th><th>म्याद</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td colspan="5">समानीकरण/समपूरक अनुदान</td></tr>
<tr><td>१</td><td>शर्मा एण्ड कम्पनी</td><td>नाघेको</td><td>समानीकरण/समपूरक अनुदान</td><td>६२४०३५.९४</td></tr>
<tr><td colspan="5">नगरपालिका चालुः</td></tr>
<tr><td>१</td><td>शिवराज पनेरु</td><td></td><td>अनुगमन तथा मूल्याङ्कन</td><td>१५०००</td></tr>
<tr><td>२</td><td>लोकेन्द्रराज भट्ट</td><td></td><td>अनुगमन तथा मूल्याङ्कन</td><td>२००००</td></tr>
<tr><td>३</td><td>राजेन्द्र बहादुर सिंह</td><td></td><td>कोरोना नियन्त्रण तथा पूर्वाधार नियन्त्रण तथा रोकथाम</td><td>६४००००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१२९९०३५.९४</td></tr>
</table>
</td><td>१२९९०३५.९४</td></tr>
</table>

शुक्लाफाँटा नगरपालिका, कञ्चनपुरको सञ्चित कोषको विवरण

अनूसूची १

२०७६।०७७

(रु. हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	आय						व्यय				मौज्दात बाँकी
			गत वर्षको जिम्मेवारी	सङ्घ तथा प्रदेश अनुदान	राजस्व बाँडफाँड	आन्तरिक आय	अन्य आय	जम्मा आय	चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
१	शुक्लाफाँटा नगरपालिका	कञ्चनपुर	२२२५९	१९०३४४	८०७४३	१४५५०	३९४९३६	७०२८३२	४०७९०६	२०३९७५	५२२७३	६६४१५४	५०९४३

बेरुजू वर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

अनूसूची २

२०७६।०७७

(रु. हजारमा)

क्र.सं	स्थानीय तह	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बेरुजु								
		दफा संख्या			दफा संख्या			दफा संख्या				नियमित गर्नुपर्ने					पेश्की		
		सै	ल	रकम	सै	ल	रकम	सै	ल	रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोध भर्ना नलिएको	जम्मा	कर्मचारी पेश्की	अन्य पेश्की	**जम्मा**
१	शुक्लाफाँटा नगरपालिका	८४	३६	११२६९	१	५	३२१३	८३	३१	८०५६	१८४९	३१६७	१७४१	०	०	४९०८	६७५	६२४	१२९९

अद्यावधिक बेरुजू स्थिति

अनुसुची ३

२०७६।०७७

(रु. हजारमा)

क्र.सं.	स्थानीय तह	जिल्ला	गत वर्ष सम्मको बाँकी	यो वर्षको फछ्यौट	बाँकी बेरुजू	यो वर्षको थप रकम	जम्मा बेरुजु बाँकी	हालसम्मको पेश्की बाँकी
१	शुक्लाफाँटा नगरपालिका	कञ्चनपुर	४७७५९	५६९९	४२०६०	८०५६	५०११६	५४४६४